म.जि. प्र. का. द.तं. : १०६/०६८, वर्ष १४ अंक १९४ आइतबार, ११ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 23 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मउवा संघको योजना कार्यशाला सम्पन्न

हेटौंडा, १० फागुन/मकवानपुर उद्योग वाणिज्य संघको आगामी तीन वर्षीय कार्यकालको लागि योजना कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ । संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षतामा कार्यक्रम गरिएको हो । मकवानपुर उद्योग वाणिज्य संघको नयाँ कार्यकालको प्रारम्भमा योजना कार्यशाला गोष्ठी गर्ने प्रचलन छ । संघको कार्यसमिति, पूर्वअध्यक्ष, सल्लाहकार र कर्मचारीको टोली चितवनको पटिहानी गई योजना कार्यशाला गोष्ठी गरेका हुन् ।

दुई दिवसीय कार्यक्रमअन्तर्गत पहिलो दिन कर्मचारी उत्प्रेरणा तालिम, मिटिङ प्रोसिड्युअर तालिम र कार्यसमिति बैठक गरिएको थियो । दोश्रो दिन योजना कार्यशाला गोष्ठी गरिएको हो । काठमाडौंस्थित संस्कार एकेडेमीका संचालक तथा वास्तुशास्त्री राजाबाबु साह तालिम तथा गोष्ठीको सहजकर्ता रहेका थिए ।

## पुरानो साख फर्काउँदै नारायणी यातायात ब्यवसायी संघ

भानुभक्त आचार्य

हेटौंडा, १० फागुन/ २०७७ चैत्र ७ गते ३४ औं वार्षिक साधारणसभा गरेपछि नारायणी यातायात ब्यवसायी संघले आगामी फागुन १७ गते शनिबार ३५ औं साधारणसभा गर्ने भएको छ । यसका लागि संघले पूर्वतयारी गरिरहेको छ ।

शनिबार बीरगंजका यातायात ब्यवसायीसँग छलफलका क्रममा संघका अध्यक्ष हीरालाल श्रेष्ठले भने-'हामीलाई धेरै दुःख दिने काम गरियो, सर्वोच्च अदालतको फैसलापछि हालको अवस्थामा हामी संघको साधारणसभा गर्नसक्ने अवस्थामा पुगेका छौं ।' यसअघि फागुनको ७ गते भरतपुरका ब्यवसायीसँग र ३ गते काठमाडौंका ब्यवसायीसँग छलफल गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

आजभन्दा ४५ वर्षअघि अग्रज ब्यवसायीबाट स्थापना भएको नारायणी यातायात व्यवसायी संघले विभिन्न किसिमका आरोह अवरोहको सामना गरेर अघि बढ्दै गर्दा देशकै सबैभन्दा ठूलो र अग्रणी संस्थाको रुपमा परिचय बनाएको अध्यक्ष श्रेष्ठले बताए । '२०७५ को सुरुवातबाट यातायात क्षेत्रमा मडारिएको कालो बादलले यातायात क्षेत्रमा ठूलो आपत विपद आइलाग्यो, यसले हामीलाई पीडा दियो' अध्यक्ष श्रेष्ठले भने ।

यातायात व्यवस्था विभागले सरोकारवालालाई पूर्णरुपमा वेवास्ता गरी 'यातायात व्यवस्थापन




कार्यविधि निर्देशिका (संशोधित २०७४)' जारी गरेपछि २०७५ बैसाख ४ गते मन्त्रिस्तरीय निर्णयबाट संस्था दर्ता ऐन २०३४ अन्तर्गत स्थापित यातायात क्षेत्रका संघ संस्थालाई नवीकरण नगर्ने निर्णय गरेको थियो ।

साविक नारायणी यातायात व्यवसायी संघको पूर्ण बैठकले मिति २०७५/३/२२ गते संघको भगिनी संस्थाको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेको नारायणी संघ हेटौंडाले व्यवसायीको समस्या समाधान गर्दै आएको थियो ।

२०७५ फागुन १९ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरुप नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनीको रुपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले ब्यवासयीका दुर्घटना, बीमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो । ढुवानी तथा तौलपुल बन्द गर्न सरकारी संयन्त्र नै लागी परेको थियो ।

'हामी ढुवानी तथा तौलपुलसम्बन्धी कार्यलाई पुनः संचालन गर्ने प्रयास गरिरहेका छौं' अध्यक्ष श्रेष्ठले भने । सवारी दुर्घटनापश्चात घाइते तथा अङ्गभङ्गको औषधिउपचार, मृतकका पीडित परिवारतर्फ पुऱ्याउनु पर्ने सेवा, सवारी धनीलाई दुर्घटना पश्चात आइपर्ने समस्यामा सहकार्य, आफ्नो सवारी तथा तेस्रोपक्ष सवारी मर्मतमा सहयोगलगायत कार्य नारायणी संघ हेटौंडाबाट गरिएको थियो ।

नेपाल सरकारले यातायात क्षेत्रका संघ संस्थाको नवीकरण नगर्ने निर्णयसँगै संघको नवीकरण नभएपछि सरकारको निर्णयका विरुद्ध नेपाल ट्रक यातायात व्यवसायी महासंघले सर्बोच्च अदालतमा मुद्दा दायर गरेको थियो । अबका दिनमा संघको नवीकरण गरी संघलाई अगाडि बढाउने विषयमा गम्भिर तापूर्वक नेतृत्व टोली लागिरहेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

हेटौंडा-३ तीनताप्केस्थित राप्तीनदी छेउको खुलाचौरमा संघले १५ कठ्ठा जग्गा खरिद गरी तौलपुल, चालक रिफ्रस सेन्टर निर्माण गर्ने तयारी गरिरहेको संघका महासचिव सरोजकुमार खनालले बताए । 'हामीले खेप्नुपरेको अनेक सास्तीमध्ये कर कार्यालयले दिएको सास्ती पनि आर्थिक हिसावले पीडादायी नै बन्यो' महासचिव खनालले भने । कर कार्यालयले संघलाई बारम्बार फुल अडिटमा राखेको थियो । २०७३/७४ भन्दा अघिका वर्षको विभिन्न शीर्षकको करको विषयमा झण्डै १ करोड ३५ लाख रुपैयाँको मुद्दा राजश्व न्यायाधीकरणमा रहेको छ ।

२०७४/७५ को हिसावमा बसको ट्रिपशुल्कमा भ्याट र अन्य शीर्षकमा कर गरेर ३ करोड रुपैयाँ भन्दा बढीको मुद्दा आन्तरिक राजश्व कार्यालय हेटौंडाले उठाएको अवस्था थियो । पछिल्ला ६ वर्षको कार्यकालमा संले खेप्नु परेको सबैखाले समस्याका बारेमा पनि साधारणसभामा सदस्यहरुलाई जानकारी गराइने बताइउको छ । संघले आगामी शनिबार साधारण सभामा संघका यातायात ब्यवसायी सदस्यको निशुल्क स्वास्थ्यपरीक्षणका लागि मेडिसिटी अस्पतालको बिशेषज्ञ चिकित्सक टोलीसँग सहकार्य गर्ने भएको छ ।

कार्यक्रममा संघका उपाध्यक्ष बीरगंज सेक्टरका बिनोद मानन्धर, हेटौंडाका बिष्णु बिडारी, सचिव ठाकुरनाथ सुबेदी, शालिकराम ढकाल, सेरेश खड्गी, कार्यसमिति सदस्य शंकर गिरी, कमलबहादुर शाह, डम्बरबहादुर गोपाली, भीमप्रसाद बास्तोला, तिलकबहादुर कार्की, कुमार बर्तौला, श्यामप्रसाद उप्रेतीलगायतको सहभागिता रहेको थियो ।

## झरनाले सञ्चारकर्मी न्यौपाने सहित ११ जनालाई सम्मान गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ झरना साहित्यिक परिवार मकवानपुरले मकवानपुरका एक सञ्चारकर्मी सहित साहित्य तथा कलाक्षेत्रमा योगदान पुऱ्याएका ११ जना व्यक्तित्वलाई एकै मञ्चमा नगदसहित सम्मान गर्ने भएको छ ।

३ सय १३ औं साहित्य शृंखला एवम् ३२ औं वार्षिकउत्सवका अवसरमा फागुन १६ र १७ गते आयोजना हुने बकैया-कला साहित्य महोत्सव-२०८१ मा विविधविधाका पुरस्कार तथा सम्मान प्रदान गरिने शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

नगद २१ हजार १ सय २१ राशिको होमनाथ-टीकामाया प्रतिभा सम्मान-२०८१ भैरहवाबाट नेपाली साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका साहित्यकार प्राध्यापक डाक्टर कपिलप्रसाद लामिछानेलाई प्रदान गरिने झरना साहित्यिक परिवारका सचिव मसान उपासकले जानकारी दिएका छन् । जिल्लामा साहित्यिक संस्था स्थापना र जगेर्ना गर्न योगदान गरेबापत नगद १५ हजार ५ सय ५५ राशिसहितको बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान-२०८१ मुक्तककार देवराज खरेललाई प्रदान गरिने झरना साहित्यिक परिवारले जनाएको छ ।

यस्तै, मुक्तकमा योगदान गरेवापत इलामका शिव अधिकारीलाई नगद १५ हजार ५ सय ५५ राशि



सहितको शिव-सावित्री अधिकारी स्मृति मुक्तक सम्मान प्रदान गर्ने झरनाले निर्णय गरेको छ । यो सम्मान चैतको चौथो शनिबार हेटौंडामा हुने टिकटमा मुक्तक साँझमा सर्मपण गरिनेछ । ८ हजार ५ सय राशि सहितको खडानन्द-मनमाया प्रतिभा सम्मान-२०८१ थाहानगरका बिर्खे अञ्जानलाई प्रदान गरिने भएको छ ।

यस्तै, सिर्जनशील नारी सम्मान-२०८१ गजलकार बबी थापालाई, सञ्जीवनि बुटि साहित्य सम्मान-२०८१ बाराका नियात्राकार अप्सरा पुडासैनीलाई, बकैयामा रहेका कलाका क्षेत्रमा योगदान गरेवापत नवप्रतिभा पुरस्कार सन्तोष विकलाई, खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०८१ मुर्तिकार ओमभक्त भण्डारीलाई र छन्द कवितामा उल्लेख्य योगदान गरेवापत ॠषेश्वर-रुक्मिणी-लक्ष्मीदेवि खनाल साहित्य सम्मान-२०८१ ललितपुरका रत्नविरही घिमिरेलाई प्रदान गरिने भएको छ । यी सबै पुरस्कार राशी ७ हजार ७ सय ७७ रुपैयाँ रहेको छ ।

पत्रकारिताका माध्यमबाट झरनाको प्रचारप्रसार गर्न सहयोग गरेको भन्दै नगद ११ हजार १ सय ११ राशीको गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान पत्रकार ज्योति न्यौपानेलाई दिइने भएको छ । बकैया गाउँपालिकाभरका विद्यालयमध्ये उत्कृष्ट शिक्षकका रुपमा बुद्ध माविका हरि घिमिरलाई ५ हजार ५ सय ५५ रुपैयाँ राशीको झरना-बकैया नवप्रतिभा सम्मान प्रदान गरिने सचिव उपासकले बताए । महोत्सवमा पुरस्कार समर्पणका साथै चित्रकला प्रदर्शनी, पत्रिका विमोचन, विभिन्न जातजातिका नृत्य, बकैयाको काव्यमहक, समकालीन गजल, मुक्तक उत्सव लगायत विविध कार्यक्रम हुने बताइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## बौद्धधर्म शान्ति र एकताको प्रतीकः सांसद् श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ बागमती प्रदेशका पूर्व खानेपानी उर्जा तथा सिचाईमन्त्री एवम् प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले बौद्धधर्म शान्ति र एकताको प्रतीकका रुपमा नेपाली समाजमा स्थापित रहेको बताएका छन् ।

नेपाल अंहिसाबादी बौद्ध धर्म विश्वशान्ति चक्र संघ हेटौंडा उपमहानगरपालिका-१२ स्थित बुद्धरत्न गुम्बाले मानवकल्याण र विश्वशान्तिका लागि आयोजना गरेको पूजा समापन समारोहलाई सम्बोधन गर्दै उनले समाजमा अंहिसा र परोपकारी भावना जगाउन बौद्ध गुरुहरुको सकारात्मक भूमिका रहेको बताए ।

बुद्धरत्न गुम्बाको भौतिक पूर्वाधार विकासमा बागमती प्रदेश सरकारले १० लाख रुपैयाँ आर्थिक सहयोग गरेको स्मरण गर्दै उनले यो रकमबाट गुम्बाको भौतिक संरचनामा विकास हुने विश्वास ब्यक्त गरे । कार्यक्रममा बौद्ध गुरुहरुलाई सम्मान समेत गरिएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी सहित लामा गुरुहरुको आतिथ्यता रहेको थियो ।

## हिमालयन राइडर्स चौथो वर्षमा

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ स्वास्थ्य, पर्यावरण, पर्यटन र खेलकुदको निम्ति साइक्लिङ भन्ने नारा लिएर आमनागरिकलाई स्वस्थ्य रहन प्रेरित गर्दै स्थापना भएको हिमालयन राइडर्स सोसाइटी चौथो वर्षमा प्रबेश गरेको छ ।

स्वस्थ्य समाजको निर्माण गर्ने उद्देश्यले स्थापना भएको सोसाइटीले मेची-महाकाली साइकलयात्रा, रसुवागढी-ठोरी (उत्तर-दक्षिण) साइक्लयात्रा, साइकल ऱ्याली, भेट्रान्स टुनामेन्ट, साइकल दौड प्रतियोगिता, कोरा ऱ्याली, अन्तरजिल्ला राइडिङ्लगायत कार्य गर्दै आएको छ । शनिबार सोसाइटीले तेस्रो वर्ष पुरा गरेको अवसरमा त्रिभुवन राजपथमा शुभकामना राइड गरेको थियो ।

स्थापना कालदेखि हालसम्म सहयोग, सल्लाह, सुझाव सहित हातेमालो गर्दै हौसला र उर्जा दिने ६० वर्ष उमेरपूरा गरेका कृष्णप्रसाद आचार्य, चेतनाथ आचार्य, लक्ष्मीचरन श्रेष्ठ, ओक्लिराज बानियाँ,



बुद्दीबहादुर आलेमगर, अशोक जोशीलगायतलाई सोसाइटीले धन्यवाद दिएको छ । 'युवाजोस भएका अग्रजको अभिभाबकत्व अनि विभिन्न बिधामा रहनु भएका बिज्ञ र बौद्धिक ब्यक्तिको साथ र सहयोगले सोसाइटीलाई यो अवस्थामा पुग्न सफल भएको' सोसाइटीका अध्यक्ष राजु थापामगरले बताएका छन् ।

सोसाइटीको साइक्लिङ सक्रयाकलापको सक्रीयता र लगनशिलतालाई देखेर नयाँनयाँ सदस्य जोडिने क्रम जारी रहेको अध्यक्ष थापामगरले बताए । यसैक्रममा धरानदेखि बसन्त राई र पोखरादेखि आनन्द बाराल सोसाइटीसँग जोडिएको अध्यक्ष थापामगरले बताए ।

आजका कलाकारहरु
- पशुपति शर्मा (लोक गायक)
- शान्त रानी परियार
- टिका प्रसाईं
- सुमन बीटी
- मञ्जु पौडेल

साथमा
हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेञ्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# गफमै सीमित बनेको 'अटो भिलेज'

हेटौंडा नगरक्षेत्रमा सवारीचाप बढ्दै गएपछि 'अटो भिलेज' स्थापना गर्ने विषयमा बहस सुरु भएको पनि करिव २ दसक बितेको छ । मकवानपुर उद्योग वाणिज्य संघले पनि छलफल आयोजना गरी अटो भिलेज निर्माणका लागि दबाव सृजना गर्न खोजेको थियो । चुनावको समयमा बढी चर्चा हुने तर, चुनावपछि सेलाउने विषयमध्य अटो भिलेज पनि एक हो । हेटौंडा नगरक्षेत्रमा सवारीचाप बढ्दो क्रममा रहेकोले सवारीसाधनको व्यवस्थित संचालनका लागि छुट्टै अटो भिलेज आवश्यक रहेको बताइएको छ । मुलुकलाई आवश्यक मालसामान ओसारपसार गर्न र आपूर्ति व्यवस्था सहज बनाउनका लागि निजी क्षेत्रको मात्रै लगानी रहेको सार्वजनिक यातायात क्षेत्रको विकास गर्न महत्वपूर्ण मानिने अटो भिलेजको बहस चुनावी एजेण्डा मात्रै बनेको छ । हेटौंडा बजारक्षेत्रमा रहेका वर्कसपहरु र सवारीसाधनको पार्टपूर्जा बिक्रेतालाई अटो भिलेज निर्माण गरी स्थानान्तरण गर्नु जरुरी थियो । अटो मोवाइल सबैको साझा विषय हो ।

औद्योगिक क्षेत्रको बिस्तारका लागि पनि अटो भिलेज जरुरी थियो । सार्बजनिक जग्गा अत्यन्तै कम भएको र सफा सहर बनाउनका लागि पनि अटो भिलेज ब्यवस्थित गर्नुपर्ने थियो । हेटौंडाको आर्थिक विकासमा पनि अटो भिलेजको महत्वपूर्ण भूमिका रहहन सक्छ । चुरियामाई गाविसको साबिक ३ नम्बर वडा हालको हेटौंडा-१५ रहेको ३० बिगाहा क्षेत्रफलमा अटोभिलेज स्थापना गर्ने विषयमा मकवानपुर उद्योग वाणिज्य संघको संयोजत्वमा कार्यदल गठन गरिएको थियो । कार्यदलले प्रतिबेदन तयार गरी सम्बन्धित निकायमा पहल गर्ने भनियो तर, प्रतिबेदन कहाँ थन्क्याइयो कुनै जानकारी आएको छैन । स्थानीय सरकारले पनि अटो भिलेजलाई प्राथमिकतामा राख्नु पर्ने थियो । नगरमा प्रदुषण न्यून गर्नका लागि अटो भिलेज व्यवस्थित हुनुपर्ने थियो । हेटौंडा बजारक्षेत्रमा छरिएर रहेका वर्कसप, ग्यारेज, कारखाना, ब्याट्री तथा मोटरपार्टस्का पसल सबै अटो भिलेजमा स्थानान्तरण गर्न मकवानपुरका सबै राजनीतिक दल, व्यवसायी, यातायातक्षेत्रका संघ संगठन, नागरिक समाज तयार भएका पनि छन् ।

अटो भिलेजका लागि आवश्यक जमीन राज्यले उपलब्ध गराउनु पर्ने र निजी क्षेत्रले व्यवस्थित गर्ने कार्यमा लाग्ने सहमति पनि बिगतका दिनमा भएको थियो । तर, अटो भिलेजको योजना हालसम्म पनि अगाडि बढ्न सकेको छैन । भारी सवारीसाधन टिपर, ट्रक तथा लहरी नगरक्षेत्रमा प्रबेश गराउने कार्यले दुर्घट्नाको जोखिम ज्यादै बढेको छ । अटो मेकानिक व्यवसाय नगरमा जथाभाबि राख्दा नगरको सौन्दर्य बिग्रने भन्दै अटो भिलेज व्यवस्था गर्न नागरिक समाजले माग गरेको थियो । बढ्दो सवारी साधनको प्रयोगका कारण नगरको वातावरण प्रदुषित बन्दै गएकोले पनि बेलैमा अटो भिलेज स्थापना गरी अटोसम्बन्धी कार्य एकैस्थलमा संचालन गर्नुपर्ने नगरबासीको तर्क छ । हेटौंडामा अटो भिलेज स्थापना गर्ने विषयमा धेरै अगाडिदेखि आवाज उठेको भएपनि कार्यान्वयनमा आउन सकेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १२ गते सोमबार २४ फेब्रुअरी २०२५ । एकादशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३५, सूर्यास्त ६:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# विद्यार्थी संख्याका कारण अधिकांश विद्यालय संकटमा



✍ श्यामप्रसाद मैनाली

नेपालका विद्यालयहरूमा विगत केही वर्षदेखि विद्यार्थीको संख्या घट्दो क्रममा छ । विद्यार्थीको घट्दो प्रवित्तिका बारेमा अध्ययन गर्नुपर्ने आवश्यकता छ । कुन स्तरका विद्यालयहरूमा के-कति प्रतिशतले विद्यार्थी घट्दै गएका छन् ? त्यसको आधिकारिक तथ्याङ्क उपलब्ध छैन, त्यसैले प्रस्तुत गर्न सक्ने अवस्था छैन । तर यथार्थ र सत्य कुरा यो हो कि सबैतिर, सबै प्रकारका, तहका विद्यालयहरूमा विद्यार्थी भर्ना संख्या घट्नुका साथै ड्रपआउट संख्या बढिराखेको स्थिति छ ।

प्राविधिक विषयहरूको अध्ययन अध्यापन गराउने महाविद्यालयहरूदेखि विद्यालयहरूमा समेत विद्यार्थीको चाप घटिराखेको छ । यो समस्या हाइस्कुल लेभलमा र महाविद्यालय एवं विश्वविद्यालय स्तरमा प्रत्यक्ष अनुभूति गर्न सकिन्छ । यसका कारणहरू पनि भिन्न-भिन्न छन् । कतिपय कारणहरु यी सबै तहका र प्रकृतिका विद्यालयहरूमा समानसमेत देखिएका छन् । नेपालमा हालसम्मका यी सबै तहका विद्यालयहरूका प्रकृति र तह हेर्दा विभिन्न वर्गका विद्यार्थीहरू अध्ययन गर्नको लागि आफ्नो प्राथमिकतामा परेको विद्यालयसम्म आइपुगेका छन् । एउटा आर्थिक दृष्टिकोणबाट उच्च सम्भ्रान्त परिवार छ । उसलाई खर्च गर्नुको कुनै कठिनाइ छैन । अत्यन्त ज्यादा सुविधा प्रदान गर्न सक्ने विद्यालय र प्रचारप्रसारको माध्यमबाट आकर्षण गर्न सक्ने विद्यालयमा आफ्ना बालबच्चा पुऱ्याउने गरेका छन् ।

उनीहरुलाई थोरै मात्र शिक्षाको गुणस्तरको बारेमा चिन्ता भएको पाइन्छ । यस्ता अभिभावकमा प्रदर्शनको प्रभाव अत्यन्त ज्यादा परेको छ । यस वर्गमा उच्च-मध्यम वर्गीय परिवारसमेत पर्दछन् । दोस्रो हो मध्यमवर्गीय परिवार, यस समूहका अभिभावकहरूलाई आफ्ना बालबच्चा कुन विद्यालयमा राख्दा गुणस्तरयुक्त शिक्षाको अवसर प्राप्त गर्दछन् ? उक्त विद्यालयमा शुल्कको दर के कति छ ? के कस्ता किसिमका सुविधा उपलब्ध भएका छन् ? आफ्ना बालबच्चाको सर्वपक्षीय प्रगति त्यस विद्यालयमा राख्दा सम्भव हुन्छ हुँदैन ? यसबारेमा विशेष चासो व्यक्त गरेको देखिन्छ ।

अर्को वर्ग छ, ज्याला मजदुरी र काम गरेर केही रकम कमाउने । यस्ता वर्गले आफ्ना बालबच्चालाई सरकारी स्कुलमा राख्छन् । तर बोर्डिङ विद्यालयहरूमा भर्ना गर्ने तीव्र इच्छा हुन्छ । उसको आर्थिक अवस्थाका कारणले सम्भव भइराखेको हुँदैन । त्यसैले अत्यन्त कम शुल्क लिने न्यून स्तरका बोर्डिङ स्कुलमा उसले कठिनाइका साथ आफ्ना सन्ततिलाई भर्ना गर्दछ । यी सबै प्रकारका विद्यालयमा विद्यार्थी संख्या घट्दै गएकोचाहिँ यथार्थता हो ।

अब यसरी विद्यालयहरूमा विद्यार्थी संख्या घट्दै जाँदा विशेष गरी न्यून शुल्क लिने गरी आएका विद्यालयहरू बन्द हुने अवस्थामा पुगिराखेका छन् । यसका कारणको बारेमा विश्लेषण गर्नु उपयुक्त हुनेछ । सर्वप्रथम नेपालमा जनसंख्या घट्दो क्रममा छ । यसका केही कारणहरु छन् । पहिलो हो, परिवारको क्रयशक्ति अथवा आर्थिक अवस्था कमजोर बन्दै गएका कारण एक जोडीले एक सन्तान मात्रमा चित्त बुझाउने गरेका छन् ।

सम्भ्रान्त परिवारमा पनि छिट्टै शारीरिक कमजोरीको महसुस हुने, वृद्ध भएको अनुभूति हुने भएकाले पनि धेरै बच्चा एकभन्दा बढीलाई जन्म नदिने प्रवृत्ति बढिराखेको छ । यसले गर्दा लामो समयमा नेपालको जनसंख्या क्रमश: घट्दै जाने निश्चित छ । यसैको प्रभाव पनि पर्ने गरेको छ । नेपालमा संघीय शासन प्रणाली लागू भएपश्चात् पनि यसका मौलिक विशेषताहरू जस्तै- सन्तुलित विकासको सन्दर्भ अत्यन्त कमजोर बन्दै गएको छ । यही कारणले गर्दा जनसंख्याको चाप विकसित शहरहरूमा मात्र बढिराखेको स्थिति छ । परिणामस्वरूप गाउँघरमा प्राय: सरकारी विद्यालयहरू मात्र हुने, केही भएका छिटपुट बोर्डिङ विद्यालयहरूमा समेत विद्यार्थी घटिराखेका छन् । दोस्रो कारण हो, यस्ता नेपालका विद्यालयहरूबाट ग्राजुएट भएका विद्यार्थीले कुनै पनि प्रकारको रोजगारीका अवसर देशभित्र पाउन सक्ने अवस्था छैन । नेपालका महाविद्यालयहरूबाट उच्च शिक्षा हासिल गरेकाहरुले विदेशमा गएर पनि शिक्षाको स्तर अनुसारको पेसागत रोजगारी पाउन सक्दैनन् । यो अवस्थामा विद्यार्थी नेपालका विद्यालयहरूमा गरेको लगानीलाई अनुत्पादक सोचिराखेका छन् ।

जब यो मनोविज्ञान अभिभावक र विद्यार्थीमा हुन्छ । त्यस अवस्थामा विद्यालयमा विद्यार्थी पठाउने आकर्षण स्वभावत: घट्ने नै भयो । नेपालका गुणस्तरीय जनशक्ति विदेशी भूमिमा आफ्नो गुजारा गर्न सक्ने किसिमले रोजगारीका अवसर प्राप्त गरिराखेका छन् । नेपालमा गुणस्तरयुक्त जनशक्तिको पनि अपेक्षित प्रकारले कदर हुन सकेको छैन । यसै कारणले गर्दा पनि राम्रा परिवारका गुणस्तरयुक्त विद्यार्थी उच्च शिक्षा हासिल गर्न अन्य देशमा पलायन हुने गरेका छन् । कमजोर आर्थिक अवस्थाका कारण पनि नेपाली नागरिक्ले आफ्नो सन्ततिलाई देशभित्र शिक्षा प्रदान गर्न सकेका छैनन् ।

त्यसै कारणले गर्दा उनीहरु विदेशी भूमिमा गई सानोतिनो काम गरेर शिक्षा आर्जनका लागि खर्च जुटाउन सक्ने आफ्ना सन्ततिहरु देख्दा गौरव मान्छन् । यस्ता विद्यार्थीले विदेशी भूमिमा लामो समय काम गर्दछन् । केही रकम आर्जन गर्दछन् । त्यही रकमबाट बाँच्ने र शिक्षा आर्जन गर्ने काम गर्दछन् । परिणामस्वरुप आफ्नो शिक्षाको गुणस्तर पनि कमजोर हुन्छ, आर्थिक अवस्था पनि उल्लेखनीय सुधार गर्न सक्दैन, आफ्नो भूमिमा सेवा प्रदान गर्न पनि सक्दैनन् ।

नेपाल सरकारले उपलब्ध गराएका पाठ्यक्रम र पाठ्यपुस्तकहरू पनि अहिलेको परिवर्तित सन्दर्भलाई खासै सम्बोधन गर्न सक्ने प्रकारले डिजाइन भएका हुँदैनन् । यही कारण हो विश्वबजारमा हाम्रा विद्यार्थीले अवसर प्राप्त गर्न सक्दैनन् । उदाहरणका लागि अहिले कृत्रिम बौद्धिकता, सूचना प्रविधिजस्ता विषयहरूलाई प्राथमिकतामा राखेर गुणस्तरयुक्त शिक्षा हामीले दिन सकेका छैनौं । यही कारण हो विश्वबजारमा हाम्रा उत्पादनहरु खपत हुँदैनन् ।

नेपालमा लामो समयदेखि राजनीतिक अस्थिरताले जरा गाडेको छ । यही अस्थिरताका कारणसमेतले गर्दा भ्रष्टाचार व्याप्त भएको छ । देशको स्रोत-साधन सीमित व्यक्तिहरूमा केन्द्रित हुन पुगेको छ । शिक्षाजस्तो महत्वपूर्ण क्षेत्रमा राज्यले लगानी गर्न सकेको छैन । यस अवस्थामा देशको भविष्य नै सुनिश्चित देख्न नसकेका सचेत नागरिकहरू आफ्ना सन्ततिलाई कलिलै उमेरमा विदेश पलायन गराई आफ्नो आँखाबाट ओझेलमा पारेर उराठ लाग्दो जीवन व्यतीत गर्न बाध्य हुन्छन् ।

सामान्यतया अन्य तहका विद्यार्थीहरू अथवा विशेष गरी हाइस्कुल स्तरमा कक्षा १२ सम्म अध्ययन गर्ने केही संख्याका विद्यार्थी नेपालमा रहेका छन् । जब कक्षा १२ उत्तीर्ण हुन्छन् तत्पश्चात् उनीहरूको गन्तव्य अपवादबाहेकका विद्यार्थीको देशबाहिर अध्ययन गर्ने बन्दछ ।

विशेष गरी पश्चिमा देशहरू संयुक्त राज्य अमेरिका, क्यानडा, युरोप, जर्मनी, संयुक्त अधिराज्य, अस्ट्रेलिया, जापान आदि उच्च शिक्षा आर्जन गर्ने गन्तव्य मुलुकहरु हुन् । तर मलेसिया, दक्षिण कोरिया, भारत, खाडी मुलुकहरू इजरायल र यहाँसम्म कि पूर्वी युरोपका देशहरूसमेत नेपाली युवाहरुले रोजगारीका लागि आफ्नो गन्तव्य निर्धारण गरी आएको अवस्था छ । यसरी उच्च शिक्षा अध्ययनकै लागि विदेश पलायन हुनुको कारण पनि उल्लेख भएजस्तै छ ।

जस्तै- शिक्षाको गुणस्तर यी देशहरुमा राम्रो हुने र शिक्षा आर्जन गरिसकेपश्चात् आफ्नो योग्यताअनुसारको काम पाउने सम्भावनासमेत प्रबल रहन्छ । विश्वबजारमा यस्ता गुणस्तर युक्त शिक्षा प्राप्त गरेकाहरूले सहजै रोजगारीका अवसर प्राप्त गर्दछन् । नेपालका महाविद्यालय, विश्वविद्यालयहरूले प्रदान गरेका पाठ्यक्रमहरू भन्दा विदेशी विश्वविद्यालयहरूले पठनपाठनका लागि निर्धारण गरेका पाठ्यक्रमहरू अत्यन्त बृहत् प्रकारका छन् । विद्यार्थीहरूको आ-आफ्नो चाहना र क्षमताअनुसारका विषयहरु सहजै उपलब्ध हुने गर्दछन् र ती आफ्ना इच्छाअनुसारका विषयहरू अध्ययन गरेर आफ्नो वृत्ति विकासको शृंखला अघि बढाउने चाहना उनीहरूमा तीव्र हुन्छ । नयाँ-नयाँ विषयहरूको खोज र अनुसन्धान गर्ने अवसरसमेत प्राप्त गर्दछन् ।

यस प्रकारका शिक्षा आर्जन गर्न युवाहरू आकर्षित हुने नै भए । यस्ता विश्वबजारमा आफ्नो विश्वसनीयता प्रदर्शन गरिसकेका विश्वविद्यालयहरूले प्रदान गरेको शैक्षिक उपाधिधारीहरूले सहजै त्यसै देशहरूमा र अन्य देशहरुमा समेत रोजगारीका अवसर प्राप्त गर्दछन् । त्यस्ता विश्वविद्यालयहरूबाट शिक्षा आर्जन गर्न पाउँदा युवाहरू गौरव मान्छन् । अध्ययन कार्यको अन्त्य हुँदै गर्दा विभिन्न प्रकारका रोजगारी प्रदान गर्ने संस्थाहरूले उनीहरूलाई छनोट गरिसकेका हुन्छन् ।

यसबाट बजारमा रोजगारीका लागि लामो समय खोजी गरिरहनुपर्ने अवस्थासमेत र हँदैन । अध्ययन-अनुसन्धान गर्न आवश्यक पर्ने कोष पनि उपयुक्त विद्यार्थीले प्राप्त गर्दछन् । नयाँ-नयाँ विषयमा ज्ञान हासिल गर्ने पर्याप्त अवसर यस्ता अत्यन्त राम्रा आधारशिलाहरु भएका सुविधासम्पन्न विश्वविद्यालयहरूमा पाइने गर्दछ । आफ्नो बौद्धिक क्षमताको विकास गर्ने पर्याप्त अवसर राम्रा विद्यार्थीले यस्ता विदेशी भूमिका विश्वविद्यालयहरूमा प्राप्त गर्दछन् । जीवन निर्वाह गर्ने नयाँ तरिकाहरू विभिन्न भाषा, भेषभूषा, संस्कृति, सभ्यताको जानकारी प्राप्त गर्दछन् ।

आफ्नो ज्ञानको स्तरलाई अत्यन्त बृहत् बनाउन सक्छन् । बौद्धिक प्रतिस्पर्धा गर्ने क्षमता वृद्धि गर्न सक्छन् । विदेशी भूमिमा अध्ययन गरिरहेका विद्यार्थीले यदि उनीहरुले त्यही देशमा स्थायी बसोबास गर्न चाहेमा सो समेत प्राप्त गर्ने अवस्था बन्दछ । किनकि गुणस्तरयुक्त जनशक्ति सबै देशलाई आवश्यक पर्दछ । यस अर्थमा राम्रा विद्यार्थीलाई राम्रा विश्वविद्यालयहरूले आफ्नै विश्वविद्यालयमा राख्छन् । रोजगारीका अवसर प्रदान गर्दछन् ।

अनुसन्धान कार्यमा संलग्न गराउँछन् । राष्ट्रले उनीहरुलाई नागरिकता प्रदान गर्दछ । यी सबै अवसरहरू नेपालमा उपलब्ध छैनन्, हुँदैनन् । त्यसैले १२ को परीक्षामा सामेल भएका अपवादबाहेकका विद्यार्थी सबै विभिन्न देशमा उच्च शिक्षा आर्जनका लागि प्रवेश आज्ञाको माग गरेर प्रतीक्षामा बस्छन् । नेपालका नीति निर्माताहरु आफ्नै देशभित्र यी सबै प्रकारका सुविधा उपलब्ध गराई आफ्ना होनहार युवाहरूलाई देशैभित्र सेवा गर्न पाउने अवसर प्रदान गरी देश लाभान्वित हुन सक्ने अवस्था बनाउन चुकेका छन् । उनीहरूको प्राथमिकतामा यो विषय छैन । तर युवाहरु विदेश पलायन गराई आफ्नो कुशासनलाई निरन्तरता दिने विषय नेपालका शासकहरु, राजनीतिज्ञहरू र नीति निर्माताहरुको प्राथमिकतामा परेको छ ।

यस अवस्थाबाट नेपालमा विद्यार्थीको संख्या घट्दै जाँदा धेरै चुनौतीको सामना गर्नुपर्ने हुन्छ । सबैभन्दा पहिला शिक्षण संस्थाहरुमा वित्तीय संकट आइपर्ने हुन्छ । रोजगारीका अवसरहरु घट्दै जान्छन् भने शिक्षक-शिक्षिका र व्यवस्थापकीय जनशक्तिको अभाव देखिँदै जान्छ । राष्ट्रका लागि आवश्यक जनशक्तिको उत्पादन हुन सक्दैन । राम्रा जनशक्ति विदेशी भूमिमा सेवारत रहन्छन् । विद्यालयका आधारशिलाहरू विकास गर्न स्रोत-साधनको अपर्याप्तताको सामना गर्नुपर्ने हुन्छ ।

शिक्षाक्षेत्रमा लगानी गर्नेहरू पनि पलायन हुँदै जान्छन् । त्यसैले सम्बन्धित निकायहरु विशेष गम्भीर हुनु जरुरी छ । सरकार, शिक्षण संस्थाहरू, समुदायहरू पनि यो समस्याको समाधानका लागि अग्रसर हुनुपर्दछ । समस्या समाधानका लागि योजना र ती योजनाहरूको सफल कार्यान्वयनको लागि सफल रणनीतिको तर्जुमा हुनु जरुरी छ । शिक्षण संस्थाहरूले गुणस्तरीय एजुकेसन प्रदान गर्नका लागि उद्योगीलगायतका सम्बन्धित सबै पक्षसँग सहकार्य गर्दै सम्बन्धित विज्ञहरूको राय-परामर्शका आधारमा यो संकटलाई कम गर्ने उपायहरूको बारेमा संयुक्त प्रयास जरुरी देखिएको छ ।

सरकारले शिक्षाको क्षेत्रमा प्रशस्त लगानी गर्न सक्नुपर्दछ । यसका लागि द्विपक्षीय र बहुपक्षीय अनुदानका लागि पहलकदमी हुनु जरुरी छ । उद्यमीहरूसँग पर्याप्त छलफल गरी रोजगार प्रदान गर्ने निकायलाई आवश्यक पर्ने प्रकारको जनशक्ति उत्पादन गरी विद्यार्थीहरूमा देखिएको विश्वासको संकटको अवस्थालाई चिर्न सक्नुपर्दछ । शिक्षा क्षेत्रमा लगानी गर्न आकर्षित गर्ने प्रकारका नीतिहरू तय गरी लगानीकर्तामैत्री वातावरण तयार पार्नु जरुरी छ ।

विशेष गरी प्राविधिक शिक्षामा विशेष जोड दिनुपर्दछ र ती उत्पादित जनशक्तिलाई विदेश पलायन हुनबाट रोकी देशभित्रै राख्ने रणनीति अख्तियार हुनु जरुरी छ । नेपालका शिक्षण संस्थाहरू केही अत्यन्त व्यापारी प्रवृत्तिमा अघि बढिराखेका छन् । उनीहरूलाई नियन्त्रण गर्ने सोचसम्म पनि सरकारले राख्न सकेको छैन । सरकारमा रहनेहरु नै शैक्षिक माफियाहरूसँग मिलिभगत गरी व्यक्तिगत स्वार्थ पूर्ति गर्न लालायित देखिन्छन् ।

यसमा सुधार अत्यावश्यक छ । महँगो शिक्षा बोर्डिङ स्कुलहरुमा देखिँदै छ । त्यसैले सर्वसाधारण नेपालीले त्यस्ता विद्यालयहरूमा सहजै अध्ययन गर्न पाउने अवसर मिलाउने जिम्मेवारी र जवाफदेहिता सरकारले लिनुपर्दछ । किनकि विकसित देशहरुमा शिक्षा नि:शुल्क गरिएको स्थिति छ । निजी क्षेत्रबाट सञ्चालित विद्यालयभन्दा सरकारी विद्यालयमा विद्यार्थीको चाप बढी भएको देखिन्छ । यो अवस्था नेपालमा पनि कसरी सिर्जना गर्न सकिन्छ ? यो विशेष गरी सरकारकै जिम्मेवारीको विषय हो । यी व्यवस्थाहरू गर्न सकेको खण्डमा नेपालका शिक्षण संस्थाहरूले आफ्नो विश्वसनीय बढाउनेछन् र उल्लेख भएअनुसारका सबै प्रकारका समस्याको सही समाधान हुन सक्छ । त्यसपछि युवाहरू आफ्नै देशमा बस्न रुचाउनेछन् । अन्त्यमा राष्ट्र नै लाभान्वित हुने स्थिति बन्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# ह्याकर हमला : सरकारी अनलाइन सेवामा विश्वास घट्ने जोखिम

✍ नारायण न्यौपाने

सरकारी वेबसाइटहरू बारम्बार बन्द भएका गुनासो आइरहन्छ । अनि सरकारले प्रदान गर्ने अनलाइन सेवा पनि बेलाबेला बन्द हुन्छ । सेवाग्राहीले इन्टरनेटको माध्यमबाट यी दुवै सेवा प्राप्त गर्छन् । तर वेबसाइट र अनलाइनबाट दिइने सेवा आफैंमा फरक विषय हुन् । सर्वसाधारणलाई इन्टरनेटको माध्यमबाट सूचना वा जानकारी दिने माध्यम वेबसाइटहरू हुन् । वेबसाइटलाई हामीले विगतमा विभिन्न कार्यालयमा राखिने सूचनापाटीसँग तुलना गर्न सक्छौं । हिजो भित्तामा सूचनापाटी हुन्थ्यो, आज इन्टरनेटको माध्यमबाट हाम्रो कम्प्युटरसम्म त्यो सूचना आइपुगेको हुन्छ । वेबसाइट सञ्चालन गर्ने प्रणाली मूलत: एकतर्फी हुन्छ, सूचनादाताले विभिन्न सूचना प्रवाह गर्छ, हेर्नेले सूचना पाउँछन् । सूचना पाउनेहरूले सामान्यतया त्यसमा अन्तरक्रिया गर्दैनन् । वेबसाइटमै राखिएका विषयमा सामान्य खालका प्रतिक्रिया र अन्तरक्रिया गर्न नमिल्ने भने होइन । तर त्यसमा प्रयोगकर्ताको प्रतिक्रिया कम नै प्रयोग हुन्छ । विभिन्न न्यूजपोर्टलहरूको प्रकृति पनि त्यस्तै हो । सर्वसाधारणले आफ्नो कम्प्युटर वा मोबाइल मार्फत सूचना पाउन यस्तो प्रणाली बनाइएको हुन्छ । यस्ता सूचना प्रयोगकर्तासम्म पुगेर डाउनलोड भए पुग्छ ।

### अवरुद्ध भइरहने अनलाइन सेवा

इन्टरनेट नै डाउन हुँदा वेबसाइटमा सूचना प्रदान गर्नेको कुनै दोष वा भूमिका हुँदैन । प्रयोगकर्ताको उपकरण, इन्टरनेटको गति, ब्राउजरको अवस्थाले पनि वेबसाइटहरू नखुल्ने समस्या हुन सक्छ । आजभोलि सामान्यतया वेबसाइटहरू डाउन भएको गुनासो निकै घटेको छ । त्यसबाहेक इन्टरनेटको माध्यमबाट सेवा प्रदान गर्ने अभ्यास बढ्दो छ । अनलाइन सेवा शुरू गरेपछि मानिसहरू भौतिक रूपमा कार्यालयमा उपस्थित भएर पाउने भन्दा पनि ढिलो र झन्झटिलो भइरहेको हुन्छ । विभिन्न कारणले त्यस्तो सेवा अवरुद्ध भएको हुन्छ । हिजो कागजात बोकेर सेवा लिन खोज्दा भन्दा आज अनलाइनबाट पाउने सेवा किन झन्झटिलो छ भन्ने मुख्य प्रश्न हो ।

प्रयोगकर्ताले आफ्नो 'अकाउन्ट' मार्फत डेटा राखेर एप्लिकेसन मार्फत सूचना पठाइसकेपछि प्रतिक्रिया पाउनुपर्ने हो । उदाहरणका लागि, राष्ट्रिय परिचयपत्र बनाउन सेवाग्राहीले फारम भर्न खोज्छ । पहिलो त, फारम नै खुल्दैन । खुले पनि फारम भरेपछि समिट हुँदैन । लाइसेन्स लिने काम त्यस्तै झन्झट छ । सेवाग्राही लाइसेन्स लिन यातायात कार्यालय जान्छन् । त्यहाँको एप्लिकेसन मार्फत कार्यालयले सेवा दिनुपर्नेमा त्यहाँ समेत 'सिस्टम डाउन भएको' जवाफ आउँछ । मालपोत कार्यालय, पासपोर्ट लगायत कार्यालयमा यस्तै गुनासो आइरहन्छ । विवाह दर्ताका लागि जाँदा त्यस्तै समस्या आउँछ । आफ्नो काम व्यवस्थापन गरेर, कार्यालयबाट विदा मिलाएर, बल्लतल्ल सेवा लिने कार्यालयमा जाँदा सिस्टम डाउन भएको जवाफ आएपछि सेवाग्राहीले झनै अप्ठेरो व्यहोर्नुपर्छ ।

### किन सिस्टम डाउन हुन्छ ?

सिस्टम डिजाइन गर्दा विभिन्न पक्षको ध्यान दिने गरिन्छ । हाम्रो आवश्यकता के हो ? त्यो सिस्टमको प्रयोगकर्ता कति हुन्छन् भनेर आकलन गर्दैनौं । कतिबेला सिस्टममा उनीहरूको चाप बढी हुन्छ भन्ने जस्ता पक्षमा ध्यान दिँदैनौं । विदाको दिन, रातिको समय वा सबैभन्दा कम प्रयोगकर्ता हुने समयलाई आधार मानेर सिस्टमको डिजाइन गरिएको हुन्छ, जुन प्रणालीले प्रयोगकर्ताको अत्यधिक चाप थेग्दैन । प्रयोगकर्ताको सबैभन्दा बढी चाप हुने बेलाको आकलन गरेर सिस्टम डिजाइन गर्नुपर्छ । डिजाइनका साथसाथै प्रयोगकर्ताको चापका आधारमा सर्भरमा द्रुत गतिमा चल्ने इन्टरनेट सेवा उपलब्ध हुनुपर्छ । त्यहाँको डेटा प्रोसेसिङका लागि चाहिने प्रोसेसर लगायत पूर्वाधारहरू त्यही अनुपातमा राख्नुपर्छ । उच्च क्षमताका पूर्वाधार आवश्यक परेका बेलामा कम क्षमताका संयन्त्र भएमा प्रणाली उपयुक्त रूपमा सञ्चालन हुन सक्दैनन् ।

हामीले हिजो ८/१० हजार जनाको डेटा हुँदा त्यो प्रणालीको कार्यदक्षता परीक्षण (पर्फमेन्स टेष्ट) गरियो । तर, प्रयोगकर्ता बढेर आज एक/दुई करोड डेटा पुग्यो, क्षमता नबढाई पुरानै पूर्वाधार यथावत् राखेर चलाउने हो भने सिस्टम डाउन हुन सक्छ । अर्कोतर्फ, प्रयोगकर्ताहरूले असल मनसायका साथ मात्रै इन्टरनेट वा सेवामा पहुँच राख्छन् भन्ने छैन । प्रणालीलाई असर पार्ने, अवरुद्ध गर्ने उद्देश्यले पनि यस्ता काम भइरहेको हुनसक्छ । परीक्षणका लागि पनि 'इथिकल्ली ह्याक' गर्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा पनि अनलाइन अवरुद्ध हुनसक्छ ।

कतिपय अवस्थामा नेपाल बाहिरबाट अस्वाभाविक 'ट्राफिक' सिर्जना गरिदिने काम हुनसक्छ । सेवाका लागि नभई प्रणाली अवरुद्ध पार्ने उद्देश्यले यसो गरिन्छ । अर्कोतर्फ 'डिडस अट्याक' पनि हुनसक्छ । भीपीएन (भर्चुअल प्राइभेट नेटवर्क) सिर्जना गरेर विश्वका विभिन्न मुलुकबाट एकैसाथ प्रणालीमा ट्राफिक सिर्जना गरिन्छ । यस्तो भएपछि एकातिर वास्तविक सेवाग्राहीले सेवा लिन पाउँदैनन्, अर्कोतर्फ प्रणाली नै अवरुद्ध हुन पुग्छ । त्यसरी अस्वाभाविक रूपमा आउने ट्राफिक वास्तविक र यथार्थ हो कि होइन भन्ने पहिचान गर्ने संयन्त्र हुनुपर्छ । त्यस्तो संयन्त्रले कुन आईपीबाट, कुन मुलुकबाट यसरी ट्राफिक आइरहेको छ भन्ने पहिचान र विश्लेषण गर्छ । त्यस्तो संयन्त्रले प्रयोगकर्ताहरूलाई अनलाइन सेवा शुरू गर्नुअघि चरणबद्ध रूपमा परीक्षण र स्क्यान गर्छ ।

अस्वाभाविक रूपमा आउने ट्राफिक पहिचान र विश्लेषणका लागि 'फायरवाल' राखिन्छ । फायरवाल कत्तिको विश्वसनीय छ ? परिस्थितिको सही विश्लेषण गर्न सक्छ कि सक्दैन भनेर अडिट गर्न सकिन्छ । कुनै सफ्टवेयर कम्पनीले सिस्टम बनाइसकेपछि त्यो आफैंमा प्रयोगका लागि उचित छ कि छैन भनेर परीक्षण गर्छ । स्रोत-साधन छ, उपकरणहरू पनि छन् तर प्रणाली आफैं परिपक्व छैन भने प्रयोगका क्रममा बारम्बार समस्या आउन सक्छ । कुनै वेबसाइटमा एकसाथ प्रयोगकर्ताहरूले पहुँच पाउने निश्चित सीमा हुन्छ । सीमाभन्दा बढीले हेरे वा एकसाथ पहुँच खोजे भने समस्या आउन सक्छ । त्यसैले सबैभन्दा प्रतिकूल र विषम परिस्थितिमा पनि काम गर्न सक्ने गरी सिस्टम बनाउनुपर्छ । एकसाथ ठूलो संख्यामा प्रयोगकर्ता प्रवेश गरेमा के गर्ने भन्ने विकल्पबारे सोचिनुपर्छ । त्यसका लागि अहिले कैयौं सुविधा आएका छन् । नेटवर्क, ऱ्याम, प्रोसेसर, हार्ड-डिस्क जस्ता उपकरणमा आवश्यक परेका बेलामा क्षमता विस्तार गर्ने सुविधा हुन्छ ।

*क्रमश: पृष्ठ-३....*

# भारतमा डान्स र ड्रामाको जादु

करिब दश वर्ष अगाडि भारतको लखनऊबाट कत्थक नृत्यमा स्नातकोत्तर गरेर नेपाल फर्केपछि नम्रता केसीले सरुभक्तको खण्डकाव्य ज्यानमायामाथि एउटा नृत्य नाटिका बनाउँदै थिइन् । त्यतिबेलाका सक्रिय अनि आत्मीय कला पत्रकार कला अनुरागी (अहिले उहाँ शोधार्थी हुनुभएको छ र यो हामीलाई एकदमै मन परिरहेको छ) ले एउटा अन्तर्वार्ता गर्दा नम्रताले भनेकी थिइन्- 'डान्स र ड्रामा मिलेपछि म्याजिक हुन्छ !'

नेपाली मौलिक लोक नाट्य परम्परामा नृत्य र नाट्य जतिसुकै मिले तापनि हामीले गरिरहेको आधुनिक रंगमञ्च अभ्यासमा नृत्यलाई कथावाचनसँग नजोडेर सौन्दर्य तत्वका रूपमा मात्रै प्रयोग गरिँदै आएको सन्दर्भमा 'डान्स र ड्रामा' मिलाएर जादु गर्ने सपना देखेकी एउटी केटी रंगकर्मीको साथी र साक्षीको रूपमा यो यात्राको एउटा मीठो संस्मरण समीक्षा अतिशयोक्ति नलाग्ला, त्यसै पनि लेख्नु त छँदैछ ।

विश्वप्रसिद्ध भारत रंग महोत्सवको २४औं संस्करणका लागि छानिएका अन्तिम नाटकहरूको सूचीमा 'जून- मोर द्यान अ फे(इ)री टेल' को नाम पनि छ है भनेर आदरणीय रंगकर्मी देव न्यौपाने दाइले सुनाउँदा म सुदूरपश्चिम बझाङ जिल्लाको मष्टा गाउँपालिकामा कचहरी नाटक देखाएर काठमाडौं फर्किंदै थिएँ । सुसमाचार नै भएतापनि मेरा लागि यो खबर एउटा सुखद् र दु:खद् आश्चर्यको सम्मिश्रण बनेको थियो । दु:खद् हुनुको कारण थियो आफूले लेखेको र अत्यन्तै आशा गरेको अर्को एउटा नाटक नछानिनु (सायद आफैंले लेखेको भएर अत्यन्तै आशा गरेको हुनसक्छ) ।

खबर सुखद् आश्चर्य बन्नका लागि आवश्यक तथ्यहरू त धेरै अनि छर्लङ्गै थिए । 'जून- मोर द्यान अ फे(इ)री टेल'की परिकल्पनाकार तथा निर्देशक नम्रता केसी मेरो रंगमञ्च अनि जीवनकै सहयात्री हुनु मात्रै खुशीको एउटा प्रसंग थिएन, म स्वयम् उक्त गीति नृत्य नाटिकाको निर्माता हुनु र दुई वर्षअघि नृत्य नाटिका निर्माण र मञ्चनका क्रममा बनेका अनेक अविस्मरणीय पलहरू आँखाभरि झल्झली आउनुले खुशी पनि आँखाबाटै खस्न खोजिरहेको थियो । उसो त रंगकर्मीहरू अलि बढी नै भावुक हुन्छन् तर पनि आधिकारिक इमेल नआइसकेको हुनाले खुशी प्रकट गर्ने हतारो देखाउन मनले मानिरहेको थिएन ।

भारतमा २५ वर्षअघि अन्तर्राष्ट्रिय नाटकहरू देखाउने मेलाको रूपमा सरकारी तवरबाट शुरू भएको भारत रंग महोत्सवप्रति संसारभरिकै रंगकर्मीहरू आकर्षित छन् । विश्वका उत्कृष्ट नाट्य विद्यालयहरूमध्येको एक भनेर दाबी गरिने राष्ट्रिय नाट्य विद्यालयको आयोजनामा हुने महोत्सवमा सहभागी हुन युरोप, अमेरिका, अष्ट्रेलिया, अफ्रिकादेखि एशियासम्मका देशहरूबाट आवेदन आउने आयोजकले बेलाबेला बताइरहन्छन् ।

नेपालबाट शुरुआती समयमा सुनील पोखरेल र अनुप बरालका नाटकहरू सहभागी हुने गरेको महोत्सवमा पछिल्लो समय थुप्रै युवा निर्देशकका नाटकहरू छनोट अनि मञ्चन हुन थालेका छन् । सायद यसै कारण हुनसक्छ, भारत रंग महोत्सवमा सहभागी हुन नेपाली रंगकर्मीहरूले आवेदन दिने क्रम बढेको छ । र, यही कारण हुन सक्छ, भारत रंग महोत्सवलाई पहिलो पटक भारत बाहेक दुई देशहरू नेपाल अनि श्रीलंकामा पनि




आयोजना गरियो ।

२४औं भारत रंग महोत्सवमा नेपालबाट छानिएका दुई प्रस्तुतिहरू मध्ये दिया मास्केको निर्देशनमा बनेको 'कथा कस्तूरी' समेत दुई वटै नाटक महिला निर्देशकहरूबाट पर्नुले समकालीन नेपाली रंगमञ्चमा अर्को तरंग ल्याएको थियो । छानिएका दुवै नाटकहरूमा भेटिएको अर्को एउटा समानता थियो- कथावाचनका लागि गीत-संगीत र नृत्यको प्रधानता । बहुजातीय सांस्कृतिक अनुष्ठानको जगमा बनेको मौलिक नेपाली नाट्य परम्परा हेर्ने हो भने संगीत र नृत्यसँगै गरिने कथावाचन नेपाली नाटकको एउटा प्रमुख मौलिक तत्वको रूपमा देखिन्छ ।

भलै, हाम्रो रंगमञ्चको व्यावसायिक धारमा र दर्शकहरूको नाटक हेर्ने अवधारणामा संवाद र यथार्थवादी अभिनय प्रधान हुने आधुनिक युरोपेली नाट्यशैलीको प्रभाव छ, पछिल्लो समय नेपाली नाटकहरूमा मौलिकताको खोजी भइनैरहेको छ । विभिन्न जातजातिका मिथकीय कथाहरू मञ्चमा ल्याउनेदेखि लिएर संस्कृतिमा भएका सामाजिक समस्याहरूमाथि नाटक मार्फत छलफल गराउनेसम्मका प्रयत्नहरू नेपाली रंगकर्मीबाट हुँदै आएका छन् ।

यही कसीमा हेर्दा दिया मास्केको नाटक 'कथा कस्तूरी'ले नयनराज पाण्डेद्वारा लिखित कथा सर्पदंशमा आधारित भएर पश्चिम नेपालमा बसोबास गर्ने आदिवासी सपेरा जातिहरूको कथालाई रैथाने संगीत, नृत्य र कथावाचन मार्फत देखाएको थियो भने नम्रता केसीको 'जून- मोर द्यान अ फे(इ)री टेल'ले विश्वप्रसिद्ध सिन्ड्रेलाको कथालाई गीत, संगीत र नृत्यको कलेवरमा पुनर्कथन गरेको थियो । महोत्सव अन्तर्गत यी दुवै नाटक भारत र नेपालमा मञ्चन गरिए ।

यी दुई नाटकसँगै यसपालि भारत रंग महोत्सवमा अन्य दुई नेपाली नाटकहरू प्रदर्शन भए । सुनील पोखरेलको निर्देशन रहेको 'गच्छामि'लाई नेपाल भारत रंग महोत्सवको आयोजक प्रस्तुतिको रूपमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले काठमाडौं र दिल्लीमा मञ्चन गऱ्यो भने अन्तिम समयमा आएर छनोटको सूचना दिइएको नर्वे र नेपालको सहकार्यात्मक प्रस्तुति रहेको रामहरि ढकालद्वारा लिखित निर्देशित नाटक 'गुलाफ' भारतको दिल्ली र जयपुरमा मञ्चन भए ।

संयोग हुनसक्छ, यी दुई नाटकबीचको समानता भने तथागत बुद्धको जीवन र दर्शनसँग गाँसिएका थिए । 'गच्छामि'ले बुद्धको बारेमा सुनिएको परम्परागत जीवनीको कथा भन्थ्यो भने 'गुलाफ'ले बुद्धपत्नी यशोधराको दृष्टिकोणबाट बुद्धको जीवनीमाथि प्रश्न गर्थ्यो । यसरी समग्रमा हेर्दा २४औं भारत रंग महोत्सवमा नेपालले मूल रूपमा दुई वटा कुरा प्रस्तुत गऱ्यो- बुद्ध अनि उनको जीवन र यहाँको गीत-संगीत अनि नृत्यमा आधारित मौलिकताउन्मुख तर आधुनिक नाट्यशैली ।

आयोजकबाट आधिकारिक इमेल आउँदा 'जून- मोर द्यान अ फे(इ)री टेल'लाई भारतको गोरखपुर र नेपालको काठमाडौंमा मञ्चन गर्ने खबर आउँदा हामी रुनु न हाँस्नु भएका थियौं । यसभन्दा अघि भारत रंग महोत्सवमा छनोट हुने नाटकहरूले दिल्ली लगायत भारतको अर्को कुनै शहरमा मञ्चनको अवसर पाउने गरेकोमा हामी त्यसरी नै आशातीत थियौं । आवेदन दिंदादेखि नै आशा गरिएकाले होला, हाम्रो कलात्मक प्रस्तुतिलाई एउटा अन्तर्राष्ट्रिय महोत्सवमा भन्दा बढी भारतीय रंगमञ्चका हस्तीहरू पढेको नेशनल स्कुल अफ ड्रामामा देखाउने अवसरका रूपमा हामीले लिएका थियौं ।

व्यावसायिक नेपाली रंगमञ्चको मूलप्रवाहमा नअटाइसकेका हाम्रा नृत्य कलाकारहरू पनि सोही कारणले बढी उत्साहित थिए । तर अचानक त्यो अवसर छैन भनेर भनिदिंदा हामी रनभुल्लमा परेका थियौं । काठमाडौंमा यो प्रस्तुति हामीले लामै समय देखाइसकेका थियौं र प्रशस्तै दर्शकहरू (धेरै रंगकर्मीहरू बाहेक)ले यसलाई हेरिसकेका थिए । नेपालसँग सिमाना जोडिएको गोरखपुरमा प्रस्तुति देखाउन हामीलाई समस्या थिएन तर सधैं दिल्ली जाँदा रेल चढ्न जाने ठाउँको रूपमा मात्र चिनिएको त्यो भूमिमा एउटा यस्तो नाटक देखाउन लिएर जानुथियो जुन नाटकलाई स्वयम् नेपाली नाट्यकर्मीहरूले हेरिसकेका थिएनन् । यसरी एउटा अनावश्यक वैधानिकताको खोजीले हामीलाई रन्थनाएको थियो ।

त्यसबाहेक महोत्सवमा सहभागी हुँदा सधैं पाइने गरेको सेवा-सुविधामा पनि कटौती गरेको सुन्दा बाँदर र कान्छाबाउको अनुहार जोडिएको एउटा नेपाली उखानले सताइरहेको थियो । 'हामीले हाम्रो सृजना प्रस्तुति गर्ने अवसर पाएका छौं, योभन्दा सुन्दर कुरा कुनै स्थान, सेवा वा सुविधा हुन सक्दैन' अन्योलताकै बीचमा बसेको तयारी बैठकमा नाटककी निर्देशक नम्रता केसीले भनिन्, 'मलाई लाग्छ गोरखपुर र काठमाडौंका दर्शकहरूको भागमा यो नाटक परिसक्यो, अनि कुनै पनि असल कलाकारले दर्शकको भाग खोस्दैनन् ।' असल कलाकार बन्ने उत्साह यस्तो भइदियो, एस्थेटिक डान्स स्टुडियोको २५ सदस्यीय टोली जोरजामले नाटकको तयारी गर्न थाल्यो ।

हरेक कुरा हुँदा त्यसले पार्ने प्रभावको दुई पक्ष हुन्छ । गोरखपुरमा प्रस्तुति लिएर जानु त्यस्तै एउटा अवसर बन्यो जहाँ हाम्रा लागि सकारात्मक असरहरूको तौल बढी थियो । विशेष मेरा लागि, कुनै पनि स्थानलाई लिएर हेरिने एकपक्षीय दृष्टिकोणलाई बदल्न यसले सघाउ पुऱ्यायो । अगाडि भनिए झैं भारतका समृद्ध शहरहरू जान रेल चढ्ने ठाउँको रूपमा मात्रै मैले चिनेको यो ठाउँमा नाटक गर्न जाँदै गर्दा सोही शहरको सांस्कृतिक, सामाजिक र पर्यटकीय समृद्धता देख्न पाउनु एउटा अभूतपूर्व अवसर थियो ।

रेल स्टेशनभन्दा अलि पर रहेको नौकाबिहार भनेर चिनिने रामगढ ताल यस शहरका थोरैमध्ये एक आकर्षण केन्द्र रहेछ । हाम्रा लागि भने त्योभन्दा आकर्षणको केन्द्र थियो- त्यसै तालको किनारमा रहेको योगीराज बाबा गम्भीरनाथ प्रेक्षागृह एवं सांस्कृतिक केन्द्र जहाँ स्थानीय नाट्यकर्मीहरूको समूह अभियान थिएटरको सक्रियतामा पहिलोपल्ट भारत रंग महोत्सवको आयोजना भइरहेको थियो । अभियान थिएटरका निर्देशक श्रीनारायण पाण्डेको संयोजकत्वमा भइरहेको महोत्सवका सक्रिय कार्यकर्ताहरूमा अधिकांश स्थानीय युवायुवती थिए जो नाटक र अभिनयप्रति ज्यादै समर्पित थिए ।

समूहका कलाकारहरूले सृजना गरेका विभिन्न प्रतिस्थापन कला, पेन्टिङ, फोटो प्रदर्शनीबाट त्यहाँका नाट्यकर्मीहरू कति सृजनशील र मिहिनेती छन् भन्ने थाहा हुन्थ्यो । भव्य मञ्च सहितको प्रेक्षागृहमा सजाइएका नाट्य उपकरण तथा सामग्रीहरूसँगै प्रवेशद्वारहरूमा बनाइएका रंगोली तथा जीव-जनावरका मूर्तिहरू अनि लस्करै टाँसिएका नाटकका पोस्टरहरूले महोत्सवको रौनक बढाएको थियो ।

संख्या उल्लेख्य नभए पनि गोरखपुरमा विविध किसिमका दर्शकहरूको कमि देखिएन । नाटकलाई समालोचनात्मक रूपमा कसरी हेर्नुपर्छ भन्ने चेत भएका देखि मञ्चतिर नभई दर्शकदीर्घातिर फर्केर प्रतिक्रिया दिन उत्सुक दर्शक कलाकारहरूको उत्साह देखेर नेपाली कलाकार भावविह्वल भइहाले । 'स्ट्याण्डिङ ओभिएसन' लगायत कलाकार निर्देशकले सोचेभन्दा बढी प्रशंसा र मानसम्मान 'जून- मोर द्यान अ फे(इ)री टेल'ले पायो ।

उसो त प्रेक्षालयभित्र नाटक हेर्ने अनुशासन भने नेपालको भन्दा फरक पनि देखिएको थियो । दर्शकहरू नाटकको बीचमै निर्वाध आउजाउ गरिरहनु र फोटो पत्रकारहरूले फ्ल्यास प्रयोग गरेर फोटो खिच्नुले कतिपय शालीन दर्शकहरूलाई बाधा पुऱ्याइरहेको भान हुन्थ्यो, भलै कसैले विरोध गरेनन् । ठूलो प्रेक्षागृह र कम दर्शक भएर हुनसक्छ, प्रत्यक्ष मञ्चन भइरहेको नाटकलाई भिडियोकल मार्फत 'प्रवर्द्धन' गर्ने कार्यमा संलग्न पछिल्लो पंक्तिमा बसेका दर्शकहरू भेट्नु पनि हाम्रा लागि नौला अनुभव रहे ।

मिडिया कभरेजका सन्दर्भमा पनि गोरखपुर उदार नै रहेछ । हामीले नाटक प्रस्तुत गरेको अर्को बिहान हामी नेपालतर्फ प्रस्थान गरिसकेका थियौं । नेपाल आइपुगेर ह्वाट्सएप चेक गर्दा स्थानीय आयोजकले पठाएका हाम्रा नाटक सम्बन्धी स्थानीय अखबारमा छापिएका समाचार तथा फोटो फिचरहरूको लामो लिस्ट देखिन्थ्यो । एकदमै प्रशंसा गरिएका फरक-फरक शीर्षकका ती समाचार फिचरहरूको मूल आलेख भने लगभग उस्तै रहेछ । सायद आयोजकले पठाएको प्रेस विज्ञप्तिलाई जस्ताको तस्तै छापेको भएर होला, सबैजसो मिडिया सामग्रीमा एउटै गल्ती भेटिन्थ्यो- कलाकारहरूको नाम ।

पछिल्लो समय नाटकमा थपिएका केही कलाकारहरूको नाम (जसलाई हामीले आयोजकको अनुरोधमा थप तीनपटक पठाएका थियौं)को सट्टा हामीले आवेदन गर्दा पठाएका नामहरूलाई आयोजकले बाँडेछन् र मिडियाकर्मीहरूले पनि नाटक सकिएपछि कलाकार परिचयको खण्डमा बस्न नभ्याएर हुनसक्छ, आयोजकले जे पठायो त्यसैलाई छापेछन् । आजकल नेपालमा पनि नाटक समीक्षा गर्न नभ्याएको खण्डमा आयोजकले पठाएको प्रेस विज्ञप्ति सार्ने क्रम बढिरहेको देख्न सकिन्छ । यसले सृजनात्मक रंगकर्म र पत्रकारिता दुवैलाई हानि गर्छ भन्ने त जगजाहेर नै छ । यद्यपि, नेपाली पत्रकारिताले रंगमञ्चलाई जुन आकारको स्पेस दिइरहेको छ, त्यही आकार-प्रकारको गम्भीरता र संवेदनशीलता पनि दिने नै छ भन्ने आशा गर्न सकिन्छ ।

महोत्सव अन्तर्गत नै काठमाडौंमा भएको प्रस्तुति हाम्रो लागि विशेष अर्थको रह्यो । आयोजकले हामीसँग नै सल्लाह गरेर नामलाई नेपालीकरण गरि दिएको थियो । 'जून: परिकथा मात्रै होइन' भनेर आयोजकले नै भनिदिए पछि सायद यसपटक दर्शकहरूलाई यसले उत्सुकता जगाएको थियो, त्यही भएर हुनसक्छ राष्ट्रिय नाचघरको प्रेक्षालय यसपटक खचाखच थियो । खासगरी अघिल्लो पटक छुटेका थुप्रै नेपाली रंगकर्मीहरूले महोत्सवमा यो नाटक हेरे र प्रतिक्रिया दिए । पहिल्यै हेरेकाहरू पनि दोहोऱ्याउन-तेहेऱ्याउन नाचघरमा जम्मा भएका थिए ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा नेपाल भारत रंग महोत्सव नाम दिइएको काठमाडौंको कार्यक्रमप्रति केही रंगकर्मीहरू तथा सांस्कृतिक अभियन्ताहरूको फरक मत भएतापनि यसमा मञ्चन भएका तीन नेपाली र तीन भारतीय नाटक हेर्ने दर्शकको अभाव भएन । राष्ट्रिय नाट्य विद्यालय, नयाँदिल्लीको रिपोर्टरी क्लब भनेर चिनिने रंगमण्डलको प्रस्तुति तीनै वटा भारतीय नाटकहरू बेजोडका थिए । सायद तिनका बारे विस्तृतमा नेपाली मिडियाले लेखे वा लेख्ने नै छन् । दोस्रो दिनको भारतीय नाटक हेरि सकेपछि कलाकारको सम्माननमा ताली बजाएर नबसी घर जान हतार गर्ने दर्शकहरूले 'नाटक हेर्ने संस्कार नदेखाएको' भनेर कुलपतिको गुनासो भेटेको प्रसंग धन्न कतै आएन ।

तर सरकारी तवरबाट विरलै गरिने यस किसिमको कार्यक्रमका उल्लेख्य प्रभाव र सुधार्नुपर्ने पक्ष दुवैका विषयमा मिडियाले मन खोलेर लेखिदिए 'नाटक हेर्ने र गर्ने' दुवै संस्कार बसाउन सजिलो हुन्छ । खासगरी, काठमाडौंमा मञ्चन भइसकेका नाटकहरू फेरि काठमाडौंमा नै देखाउनुको सट्टा तिनलाई अन्यत्र पठाएर थप विदेशी नाटकहरू (भारत र श्रीलंकाका) ल्याएर देखाउन सकिएको भए वा नेपाली नै नाटक देखाउँदा पनि त्यसमा भारतीय कलाकारहरूलाई दर्शकको रूपमा उपस्थित गराउन सकेको भए त्यसले सही अर्थमा सांस्कृतिक आदानप्रदान र अन्तर क्रियालाई बढावा दिन्थ्यो । किनभने नेपालको (र प्राय: अन्य देशहरूको पनि) सन्दर्भमा यस्ता आग्रहहरू रंगकर्मी भएर लेख्नुभन्दा मिडियाको तर्फबाट उठ्दा ज्यादा 'सम्भावना' प्रकट हुने सम्भावना हुन्छ ।

'डान्स र ड्रामा मिलेपछि हुने जादु' वास्तवमै कस्तो हुन्छ थाहा छैन । तर त्यसले अपार आश्चर्य देखाउनुका साथै सम्भावनाका केही खुड्किलाहरू पक्कै देखाउँछ होला । यो महोत्सवसँगै राष्ट्रिय नाट्य विद्यालयको एउटा च्याप्टर नेपालमा खोल्ने भन्ने पहल गर्न नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र यसकी कुलपति निशा शर्मा लागेका छन् । स्वयम् आफ्नो नाटक लिएर महोत्सवमा उपस्थित राष्ट्रिय नाट्य विद्यालयका निर्देशक तथा प्रसिद्ध कलाकार चित्तरञ्जन त्रिपाठीले त्यो दिशातर्फ जान सकिने संकेत गरेका छन् । दुई देशको सरकारको संलग्नता चाहिने भएकाले तत्कालै क्याम्पस नै खोल्न सकिएन भने पनि आफ्नोतर्फबाट पहल गरेर कार्यशाला तथा तालिमहरू ल्याउने प्रतिबद्धता जाहेर गरेका छन् ।

जाँदाजाँदै उनले नेपालको रंगमञ्चमा प्रदान गरिने जुनसुकै शिक्षाले पनि मौलिक महत्व चैं बोकेकै हुनुपर्ने बताएका छन् । त्यसबाट नेपाली रंगमञ्च शिक्षाको क्षेत्रमा पक्कै पनि सकारात्मक असरको आशा राख्न सकिन्छ । खुशी हुने अर्को एउटा पर्याप्त कारण त यो पनि हो !

(स्रोत:अनलाइनखबर)

## ह्याकर हमला: सरकारी अनलाइन...

आवश्यक नपरे खुम्चिँदै जाने, तर भीड बढेमा स्वत: विस्तार हुने गरी डिजाइन गरिएको हुन्छ । 'इलास्टिक सर्भर' भनिने त्यस्ता संयन्त्रहरू क्लाउड सर्भिसमा उपलब्ध हुन्छन् । सरकारी सेवा प्रदान गर्न क्लाउड सर्भिसमा त्यस्ता फिचरहरू उपलब्ध हुनुपर्छ । अनलाइन सेवा सहज र विश्वसनीय नहुँदा आम मानिसहरू दिग्दार हुन्छन् । कार्यालयमै उपस्थित भएर सेवा लिंदा सामान्यतया अनुमान गरेको समयमा तल-माथि हुँदैन । तर, कुनै कार्यालयको अनलाइन प्रणाली बिग्रिएर सेवा अवरुद्ध भएमा मानिसहरूले पाउने हैरानी र कष्ट अझै बढी हुन्छ ।

'सर्भर डाउन भयो, आजका लागि सेवा अवरुद्ध भयो' भनेर सूचना टाँसियो भने सेवाग्राहीको सारा योजना अवरुद्ध हुन्छन् । ई-गभर्नेन्सको कुरा भइरहेको बेलामा आम मानिसमा 'यो काम छैन, बरु हिजोकै प्रणाली ठीक' भन्ने सोच आउँछ । हामीले विभिन्न निकायमा बुझाउने संवेदनशील सूचना र व्यक्तिगत गोपनीयताका विवरण लिक हुने त्रास पनि सेवाग्राहीहरूमा उत्तिकै हुन्छ । अहिलेको जमानामा डिजिटल डेटा लिक भयो भने आम मानिसमा सरकारी कामप्रतिको विश्वसनीयता झनै घट्न सक्छ । त्यसतर्फ सेवा प्रदान गर्ने सरकारी निकाय चनाखो हुनुपर्छ ।

### शुरूमै सावधान बनौं

अनलाइन सेवा सञ्चालनका क्रममा आइपर्ने कतिपय समस्यालाई नियमित रूपमा सम्बोधन गरेर समाधान खोजिनुपर्छ । केही विषयमा आजको भोलि समाधान नभेटिन सक्छ । बेला-बेलामा फेसबुक, म्यासेन्जरका सेवा पनि छोटो समयका लागि अवरुद्ध भइरहेका हुन्छन् ।

हाम्रो जस्तो विकासोन्मुख मुलुकले भर्खरै डिजिटल युगमा पाइला अघि बढाइरहेको छ । संसारकै उच्चतम सेवा दिइरहेका मुलुकका कम्पनीहरूसँग तुलना गर्नु त्यति उचित नहोला, तर पनि केही न केही प्रयास गर्नुपर्छ ।

(साभार: अनलाइनखबर)

## 'लाज शरणम' जाँचपछि सेन्सर बोर्ड :

# चर्चा भएजस्तो व्यक्ति लक्षित केही देखिएन



काठमाडौं/केन्द्रीय चलचित्र जाँच समितिले शुक्रबार फिल्म 'लाज शरणम'को जाँच गरेको छ । संचार तथा सूचना प्रविधि मन्त्रालयमा भएको जाँचमा मन्त्रालयका कानून विभाग हेर्ने अधिकारी पनि उपस्थित थिए ।

फिल्म हेरिसकेपनि सेन्सर पास चाहिँ भैसकेको छैन । बोर्ड सदस्य ऋषिराज आचार्यले केही प्राविधिक कुराहरू मिलाउनुपर्ने भएकाले पुन: आइतबार बोलाइएको बताए ।

'४/५ वटा प्राविधिक कुरा मिलाएर ल्याउन भनेका छौं । त्यसपछि बल्ल कुन सर्टिफिकेट दिने भन्ने टुंगो लाग्छ' सेन्सर बोर्ड सदस्य आचार्यले संचारकर्मीसँग भने, 'त्यसपछि फेरि हेरेर अघि बढ्ने तयारी छ ।' उनका अनुसार आइतबार फिल्मले सेन्सर पासको प्रमाणपत्र पाउन सक्ने बताए ।

सबैको चासो रहेको पूर्वमन्त्री अफताव आलमको विषयमा भने फिल्ममा त्यस्तो कुनै इस्यु नरहेको सदस्य आचार्यको भनाइ छ । 'त्यसमा कुनै इस्यु छैन । हुलिया हो कि हो किजस्तो देखिन्छ । कुनै व्यक्तिलाई तोकिएको पनि छैन । संवाद आलमको जस्तो पनि छैन । यस विषयमा धेरै सोच्नुपर्ने देखिएन । कुनै गम्भीर विषय देखिएन' उनले भने ।

उनले फिल्ममा प्रयुक्त धुर्मुसको पात्र कुनै व्यक्ति लक्षित नरहेको देखिएको बताए । फिल्मको जाँचअघि संचार मन्त्रालयमा बोर्ड पदाधिकारीहरूको बैठक बसेको थियो । जहाँ, सबै सदस्यले फिल्मको स्क्रिप्ट अध्ययन गरेका थिए । स्क्रिप्ट अध्ययनको क्रममा पनि सामान्य नै पाइएको उनले जनाए । मुद्दामामिलाको कारण सेन्सर बोर्डले यो फिल्मको सेन्सरलाई गम्भीरताको साथ लिएको थियो । जसको कारण सेन्सरपूर्व बैठक बोलाइएको थियो ।

मंगलबार पूर्वमन्त्री आलमले आफूजस्तो देखिने चरित्र चित्रण गरेको भन्दै फिल्मविरुद्ध पाटन उच्च अदालतमा निषेधाज्ञाको रिट दायर गरेका थिए । उनको रिटमा सुनुवाइ गर्दै अदालतले सेन्सरअघि फिल्मको प्रचारप्रसार नगर्न र नगराउन आदेश दिएको थियो ।

# 'होस्टेल ३' ट्रेलरको रेकर्ड : विश्वका १३ देशमा ट्रेन्डिङ



काठमाडौं/यही फागुन २३ गतेबाट प्रदर्शनको तयारीमा रहेको कलेज ड्रामा फिल्म 'होस्टेल ३'को शुक्रबार सार्वजनिक ट्रेलरले रेकर्ड बनाएको छ । नेपालसहित विश्वका विभिन्न १३ देशहरूमा फिल्मको ट्रेलर युट्युबको ट्रेन्डिङमा पर्न सफल भएको छ । सम्भवत: यति धेरै देशमा नेपाली फिल्मको ट्रेलर ट्रेन्डिङमा परेको पहिलो पटक हो । नेपाल र कुवेतमा ट्रेलर ट्रेन्डिङको पहिलो स्थानमा समेत छ ।

विशेषगरी खाडी मुलुकहरु, युरोपियन देशहरु, बेलायत, जापान, अस्ट्रेलिया तथा कोरियामा ट्रेलरप्रति दर्शकको आकर्षण देखिएको छ । कतारमा दोस्रो, पोर्चुगलमा तेस्रो, साउदी अरेबियामा चौथो, रोमानिया र यूएइमा पाँचौं स्थानमा रहेको ट्रेलर अस्ट्रेलिया र जापानमा सातौं, माल्टामा पनि सातौं, मलेसियामा एघारौं, दक्षिण कोरियामा चौधौं र बेलायतमा अठ्ठाइसौं स्थानमा छ ।

ट्रेलरले युट्युबमा भ्यूज र प्रतिक्रिया पनि लोभलाग्दो पाएको छ । २० घण्टामा ट्रेलरलाई ९ लाख ९० हजार बढी भ्यूज मिलिसकेको छ भने तीन हजारभन्दा बढी प्रतिक्रिया आएका छन् । अधिकांश प्रतिक्रियामा तारिफ मात्र देखिन्छ । कतिले फिल्म सुपरहिट हुने दाबी गरेका छन् भने कतिले 'फिल्म क्षेत्रले नयाँ स्टार पाउँदैछ' भनेर प्रतिक्रिया जनाएका छन् ।

ट्रेलरले कलेज र होस्टेल जीवनको रमाइलो पक्ष देखाउँदै प्रेम, द्वन्द्व, त्याग, सैर्ष र षड्यन्त्रको कथा पेस गरेको छ । ट्रेलरमा फिल्मका मुख्य कलाकारहरु पारस बम ठकुरी, सिम्रन पन्त, आशिष घिमिरे, पदम तामाङ, हेना नगरकोटी, रिहान गिरी र समा पराजुली देखिएका छन् । त्यस्तै, प्रवीण खतिवडा वार्डेनको भूमिकामा छन् ।

सशान कँडेलको निर्देशनमा बनेको फिल्ममा आशिष पुरुष, रोहन श्रेष्ठ, उमर खान लगायतको पनि अभिनय छ । यसमा निर्देशक कँडेलको कथा र माधव शर्माको पटकथा तथा संवाद छ । फिल्ममा निर्माताहरु सुरेश कँडेल, कर्ण कार्की र गोविन्द अधिकारी, सह-निर्माताहरु शिशिर ज्ञवाली, अनीश सिग्देल, कुन्दन गुप्ता र गणेश मगर तथा कार्यकारी निर्माता शङ्कर कोइराला रहेका छन् ।

# हमासबाट थप ६ बन्दी रिहा, विपिन अझै मुक्त भएनन्

काठमाडौं/युद्धविराम सम्झौताको पहिलो चरणअन्तर्गत हमासले यो शनिबार थप ६ बन्धक रिहा गरेको छ । बदलामा इजरायले ६ सयभन्दा बढी कैदी रिहा गर्दैछ । गाँजाका विभिन्न स्थानबाट हमासले ६ बन्धकलाई रेडक्रसको जिम्मा लगाएको हो । उनीहरू सबै इजरालय पुगिसकेका छन् ।

युद्धविराम सम्झौता कार्यान्वयन भएयता हमासले प्रत्येक शनिबार बन्दी रिहा गर्दै आएको छ । तर, इजरायलबाट हमासको कब्जामा परेका नेपाली विद्यार्थी विपिन जोशी अझै रिहा भएका छैनन् । विपिनलाई मुक्त गराउन नेपाल सरकारले लगातार कुटनीतिक प्रयास गरिरहेको छ । इजरायल-हमासबीच युद्धविराम सम्झौता गराउन महत्वपूर्ण भूमिका खेलेको कतारदेखि इजरायल, जोर्डनका अधिकारसम्मलाई विपिन रिहाइको पहल गर्न नेपालले लगातार आग्रह गरिरहेको छ । तर, परिणाम आउन सकेको छैन ।

यो शनिबार हिशाम, एलिया कोहेन, ओमेर शेम तोभ, ओमेर वेन्कर्ट, एवेरा मेन्गिस्टु र ताल शोहम रिहा भएका हुन् । एलिया कोहेन, ओमेर शेम तोभ, ओमेर वेन्कर्टलाई मध्य गाजाको नुसेरातबाट रिहा गरिएको थियो । एवेरा मेन्गिस्टु र ताल शोहमलाई दक्षिणी गाजाको रफाहमा रिहा गरिएको हो । यसबीच, यो शनिबार रिहा भएका ६ बन्दीले परिवारसँग भेट गरेका छन् । १५ महिनाभन्दा लामो समयपछि परिवारका सदस्यसँगको पुनर्मिलनका दृष्ट विभिन्न अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले सार्वजनिक गरेका छन् । बदलामा इजरायलले ६०२ प्यालेस्टिनी कैदीहरूलाई रिहा गर्ने तयारी गरेको प्यालेस्टिनी कैदीहरूको मिडिया कार्यालयले जनाएको छ । युद्धविराम सुरु भएदेखि यो एकै पटकमा भएको सबैभन्दा ठूलो रिहाइ हो, किनभने बिहीबार मारिएका बन्धकहरूलाई हस्तान्तरण गर्ने क्रममा कुनै प्यालेस्टिनीहरूलाई रिहा गरिएको थिएन ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेत्रहीन महिला विश्वकप क्रिकेटको लागि छनोट सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ मकवानपुरमा पाँचौं टी-२० नेत्रहीन महिला विश्वकप क्रिकेट २०२५ को लागि प्रारम्भिक छनोट प्रतियोगिता सुरु भएको छ ।

नेपालमा हुने नेत्रहीन महिला विश्वकप क्रिकेट २०२५ को लागि शनिबारदेखि हेटौंडा-४ स्थित हुप्राचौरमा प्रतियोगिता सुरु भएको हो । फागुन १३ गतेसम्म सञ्चालन हुने छनोट प्रतियोगितामा नेपालभरका ३८ जना खेलाडी सहभागी भएको नेत्रहीन क्रिकेट संघ नेपालले जनाएको छ । छनोट चरणको प्रतियोगितामा नेपालभरका ३८ जना नेत्रहीन महिला क्रिकेट खेलाडीको सहभागिता रहेको संघका अध्यक्ष पवन घिमिरेले जानकारी दिए । 'पहिलोचरणमा २० देखि २३ जना खेलाडी छनोट हुनेछन्' अध्यक्ष घिमिरले बताए ।



विश्वकप क्रिकेट प्रतियोगितामा १५ सदस्यीय नेपाली टोलीले सहभागिता जनाउनेछन् । सहभागी हुने अन्तिम १५ जना खेलाडीको टुंगो आगामी वैशाखमा हुने दोस्रो चरणको छनोट प्रतियोगिताबाट लगाइने अध्यक्ष घिमिरेले जानकारी दिएका छन् । महिला क्रिकेट विश्वकप प्रतियोगिता नोभेम्बर १३ देखि नेपालमा हुँदैछ । विश्वकपमा घरेलु टोली नेपाल सहित भारत, पाकिस्तान, इग्ल्यान्ड, अष्ट्रेलिया र अमेरिकाले सहभागिता जनाउनेछन् ।

तत्कालीन माओवादी द्वन्द्वका बेला २०६० सालमा आँखाको ज्योति गुमाउन पुगेका नेपाली सेनाका प्रमुख सेनानी घिमिरेकै सक्रियतामा नेपालमा २०६३ सालमा नेत्रहीनहरुको क्रिकेटको सुरुआत भएको थियो । उनले नेत्रहीन क्रिकेट खेलाडी, कप्तान, प्रशिक्षक, अम्पायर तथा नेत्रहीन क्रिकेट संघ नेपालको अध्यक्षको भूमिका निर्वाह गरेर नेत्रहीन क्रिकेटलाई स्थापित गर्न योगदान दिएका छन् ।

नेत्रहीन क्रिकेटका पाकिस्तानी प्रशिक्षकले काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा ३३ जना प्रशिक्षण दिएर नेपालमा नेत्रहीनको क्रिकेटको सुरुवात गरेका थिए । अहिले नेपालमा स्थानीयस्तरदेखि अन्तराष्ट्रिय तहसम्मकै प्रशिक्षकहरु कार्यरत रहेका छन् । यो खेल विभिन्न जिल्लामा विस्तार हुने क्रम जारी रहेको छ । विभिन्न जिल्लामा रहेका दृष्ट्रिविहीनलाई प्रोत्साहनका लागि विभिन्न तहको प्रतियोगिता आयोजना गर्ने गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गर्ने गरेको पारा तथा विशेष खेलकुदमा नेत्रहीन क्रिकेटलाई पनि प्रतियोगिताको रुपमा समावेश गर्ने गरिएको छ ।

**मैदानको अभाव**

शारीरिकरुपले सक्षम क्रिकेट खेलाडीको लागि नेपालका विभिन्न स्थानमा क्रिकेट मैदान उपलब्ध भएपनि नेत्रहीन खेलाडीका लागि क्रिकेट मैदानको व्यवस्था हुन सकेको छैन । चाहे अभ्यास गर्दा होस् अथवा कुनै प्रतियोगिता आयोजना गर्नुपर्दा मैदानका लागि नेपाल क्रिकेट संघ लगायतलाई गुहार्नु पर्ने अवस्था आउने गरेको छ ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित क्रिकेट मैदान नेपाल क्रिकेट संघले प्रयोग गरिरहेको छ । यद्यपि टीयुको क्रिकेट मैदान पनि आवश्यक भौतिक पूर्वाधारको अभाव रहेको देखिन्छ । क्रिकेट संघले प्रयोग गर्ने गरेको मूलपानी क्रिकेट मैदानमा सरकारको लगानी रहेपनि पूर्णरुपमा खेल्नको लागि भने तयार भइसकेको छैन । त्यस्ता मैदान नेत्रहीनलाई पनि सहज रुपमा उपलब्ध गराउने व्यवस्था गर्न सम्बन्धित निकायले प्राथमिकता दिन माग गरिएको छ ।

# अनुपम घलान स्मृति यू-१६ फुटबलको उपाधि १५ नम्बरलाई



साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ नगर खेलकुद विकास समिति हेटौंडाको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको प्रायोजनमा सञ्चालन भएको पहिलो संकरणको अनुपम घलान स्मृति नगरस्तरीय यू-१६ फुटबल प्रतियोगिता २०८१ को उपाधि हेटौंडाको १५ नम्बर वडाले जितेको छ ।

शनिबार भएको उपाधि भिडन्तमा १८ नम्बरलाई सडनडेथमा निराश बनाउँदै १५ ले उपाधि जितेको हो । विजेता १५ ले नगद एकलाख रुपैयाँसहित ट्रफी प्राप्त गर्दा उपविजेता भएको १८ ले ७० हजार रुपैयाँमै चित्त बुझाउन बाध्य भएको छ । निर्धारित समय र टाइब्रेकरमा समेत बराबरी भएपछि सडनडेथ मार्फत् निर्णय लिइएको हा ।

सेमिफाइनलमा १५ ले ८ लाई र १८ ले ९ लाई हराउँदै फाइनल प्रवेश गरेको थियो । फाइनल खेलको म्यान अफ द म्याच हेटौंडा-१५ का गोलरक्षक विकेश थिङ भए । उनी नै प्रतियोगिताको सर्वोत्कृष्ट गोलरक्षक समेत घोषित भए । उत्कृष्ट डिफेण्डर १५ का नवीन लो, मिडफिल्डर १८ का साजन लोप्चन, फरवार्ड १५ का रेहान घलान र उत्कृष्ट प्रशिक्षक हेटौंडा-१५ का उज्ज्वल वाइबा घोषित भए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी हेटौंडा-१८ का अभिराज थापामगर भए । सर्वोत्कृष्ट खेलाडीले नगद १० हजार र बाँकी विधागत उत्कृष्ट खेलाडीले जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे । नगर खेलकुद विकास समिति हेटौंडाको आयोजनामा पिप्ले क्याम्पा रंगशालामा भएको प्रतियोगितामा हेटौंडाका १९ मध्ये १० वडाको सहभागिता रहेको थियो ।

नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा प्रतियोगिता सञ्चालन भएको हो । हेटौंडा-१२ निवासी अनुपम घलानको गत असोजमा एन्फा एकेडेमी सिस्नेरीको पहिरोमा परेर निधन भएको थियो । उनकै स्मृतिमा हेटौंडामा प्रत्येक वर्ष आयोजना गर्ने गरी यस वर्षबाट प्रतियोगिता सुरु गरिएको हो । नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरेको अध्यक्षतामा भएको प्रतियोगिताको समापनमा हेटौंडा उपमहानगरका कार्यबाहक नगरप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा हेटौंडा-८ नम्बर वडाअध्यक्ष रामकृष्ण थापा, प्रतियोगिता संयोजक सुनिल लोप्चनलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा ५ नम्बर वडाअध्यक्ष सुशील घिमिरे, ७ नम्बर अध्यक्ष दामेदर गौतम, १८ नम्बर अध्यक्ष अनिल बानियाँ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानलगायतको आतिथ्यता रहेको थियो ।

# मछिन्द्र बागमती गोल्डकपको फाइनलमा उपाधिको लागि चर्च ब्वाइजसँग खेल्ने

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ साबिकको बिजेता मछिन्द्र क्लब सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।



शनिबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको दोस्रो सेमिफाइनल खेलमा थ्रीस्टार क्लबलाई ३-१ गोलअन्तरले हराउँदै साविक विजेतासमेत रहेको मछिन्द्र फाइनलमा प्रवेश गरेको हो । मछिन्द्रको जीतमा शिशिर लेकिले खेलको ४२ औं मिनेटमा, समिराज थोकरले दोस्रो हाफको छैठौं मिनेटमा र विदेशी खेलाडीले स्टेफेनले दोस्रो हाफको ४३ औं मिनेटमा गोल गरे ।

थ्री स्टारका लागि विदेशी खेलाडी एलेक्स विलियम्सले खेलको पहिलो हाफको ३७ औं मिनेटमा सुरुवाती अग्रता बनाए पनि खेलको टिमलाई हारबाट जोगाउन भने सकेनन् । खेलको म्यान अफ द म्याच मछिन्द्रका देवेन्द्र तामाङ घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । चौथो संस्करणको विजेता थ्रीस्टार प्रतियोगिताबाट बाहिरिएको छ । विजेता टोलीले उपाधिका लागि सोमबार चर्चब्वाइज युनाइटेडसँग प्रतिस्पर्धा गर्नेछ ।

यसअघि शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा विभागीय टोली एपीएफलाई ३-२ गोलले हराउँदै चर्च ब्वाइज प्रतियोगिताको फाइनलमा प्रवेश गरिसकेको छ । उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताको सर्वोत्कट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५-२५ हजार रुपैयाँ प्रदान गरिने जनाएको छ ।

# मगर संघ मकवानपुरले ४३ औं स्थापना दिवस मनाउने




साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ नेपाल मगर संघ मकवानपुरले आफ्नो ४३ औं स्थापना दिवस भव्यरुपमा मनाउने भएको छ ।

फागुन १५ गते हेटौंडा-४ हुप्राचौरमा विशेष कार्यक्रमको आयोजना गर्दै स्थापना दिवस मनाउने तयारी गरिएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । दिवसको अवसरमा विविध साँस्कृतिक कार्यक्रम, मगर संस्कृति झल्कने झाँकी, र्‍यालीका साथै फुड फेस्टिभलको पनि आयोजना गरिएको मगर संघ मकवानपुरका अध्यक्ष सन्देश मगरले जानकारी दिए ।

औपचारिक कार्यक्रम सुरु हुनुभन्दा अगाडि हेटौंडाको बुद्धचोकबाट झाँकीसहितको र्‍याली सीमाचोक शीतलमहल चोक हुदै कार्यक्रमस्थल हुप्राचौरमा प्रवेश गर्ने अध्यक्ष मगरले बताए । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम उद्घाटन हुने बताइएको छ । कार्यक्रममा लोकगायिका राधिका हमाल पुनमगर, शशि पुनमगरलगायत स्थानीय कलाकार बाट मनोरञ्जनात्मक प्रस्तूति रहने छ ।

कार्यक्रममा सोरठी, कौडा, सालैजो र घाटु नाच समेत प्रस्तूत हुने आयोजकले जनाएको छ । २०७८ सालको जनगणना अनुसार मकवानपुरमा मगर समुदायको जनसंख्या २० हजार ८ सय रहेको छ । कार्यक्रम सम्पन्न गर्नका लागि करीब ५ लाख रुपैयाँ अर्च हुने आयोजकको अनुमान छ ।

# एक श्रष्टा सहित सातै प्रदेशका नवसर्जक सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १० फागुन/ दोस्रो राष्ट्रिय नवसर्जक उत्सव एवम् प्रथम केन्द्रीय अधिबेशनका अवसरमा एक श्रष्टा सहित सातै प्रदेशका सात नवसर्जकलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ ।



१५ हजार ५ सय ५५ राशीको लोकनाथ न्यौपाने स्मृति बालबाङ्मय सम्मान २०८१ प्राध्यापक डाक्टर चुडामणि बन्धुलाई प्रदान गरिएको छ । सातहजार सातसय सतहत्तर राशीको योगहरि पौडेल स्मृति नवसर्जक प्रतिभा सम्मान २०८१ कोशी प्रदेशका चिन्तामणि निरौलालाई प्रदान गरिएको छ । शिब-साबित्री स्मृति नबसर्जक प्रतिभा सम्मान मधेश प्रदेशका सरोज साह र टीका-ईश्वरी स्मृति नवसर्जक प्रतिभा सम्मान बागमती प्रदेशका केशव घिमिरेलाई प्रदान गरिएको छ ।

यसैगरी गण्डकी प्रदेशका रोशन तिमल्सिनालाई गुरुबहादुर विष्णु पाण्डे स्मृति नवसर्जक सम्मान प्रदान गरिएको छ । लुम्बिनी प्रदेशकी निशा पाण्डेलाई सकुन्तला ढुंगेल स्मृति नवसर्जक पुरस्कार प्रदान गरिएको छ । यस्तै कर्णाली प्रदेशका शिवराज शाही कृष्णहरि लामिछाने स्मृति नवसर्जक प्रतिभा सम्मानबाट पुरस्कृत भएका छन् ।

दिनेश शर्मा स्मृति नवसर्जक सम्मान २०८१ सुदुरपश्चिम प्रदेशका सुनिल बुढा 'कछुवा' लाई प्रदान गरिएको छ । कार्यक्रमका प्रमुखअतिथि बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले श्रष्टासहित नवसर्जकलाई एक समारोहकाबीच सम्मान, पुरस्कार प्रदान गरेका थिए ।

# बागमती र गण्डकीका ११ जिल्लामा ६४० शिक्षक स्थायी सिफारिस

काठमाडौं, १० फागुन/ शिक्षक सेवा आयोगले प्राथमिक तह, तृतीय श्रेणीको नियुक्तिका लागि सिफारिस भएका बागमती र गण्डकी प्रदेशका ११ जिल्लाका उम्मेदवारहरूको नामावली सार्वजनिक भएको छ ।

आयोगका उपसचिव शिव प्रसाद रेग्मीका अनुसार गोरखा, कास्की, म्याग्दी, पर्वत, मनाङ, मुस्ताङ, सिन्धुली सिन्धुपाल्चोक, र सुवा, धादिङ र चितवनका ६४० जना उम्मेदवारहरूको सूची सार्वजनिक भएको हो ।

उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा जिल्लागत एकमुस्ट योग्यताक्रम सूची कायम हुन आएको शनिबार उपसचिव रेग्मीले जारी गरेको सूचनामा उल्लेख छ ।

जस अनुसार, गोरखामा ९३, कास्कीमा ६६, पर्वतमा २८, मनाङमा २, मुस्ताङमा १, म्याग्दीमा ७८, चितवनमा १०४, धादिङमा ६९, रसुवामा ३७, सिन्धुपाल्चोकमा ९७ र सिन्धुलीमा ६५ जना उम्मेदवारको स्थायी नियुक्तिको सूची सार्वजनिक भएको हो ।

## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :

- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित लिङ्ड वा मेल नखोलौं,
- चिठ्ठा पर्यो भनि आएको मेल/लिङ्कहरूको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं.
- आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
- चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाओ,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं ।

*शंका लागेमा नजिकको प्रहरी वा साइबर ब्युरोमा सम्पर्क गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

*भुटनदेवी एल्मुनाई एशोसिएसनको*

## वार्षिक साधरणसभा सम्बन्धी सूचना

यस एसोसिएसनको १९ औं वार्षिक साधरण सभा एवम् मित्र मिलन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य मित्रहरुलाई अनिवार्य उपस्थीतिको लागि हार्दिक निमन्त्रण गर्दछौं।

***कार्यक्रम विवरण***

मिति : २०८१ साल फाल्गुण १७ गते शनिबार
समय: विहान ७ बजे एल्मुनाईको सचिवालयबाट प्रस्थान गर्ने ।
स्थान: डे लेकसाइड सिम्लाङ होटल, मार्खु सिम्लाङ
(सम्पर्क नं. ९८५१११४१४९, ९८०४२०२४७७)
सहभागिता शुल्क : प्रति व्यक्ति रु १५००।- (एक हजार पाँच सय)

***थप जानकारीको लागि***

| | |
|---|---|
| १. श्री गणेश कुमार श्रेष्ठ | ९८५५०६९२२९ |
| २. श्री विजेन्द्र अग्रवाल | ९८४१४४५२२६ |
| ३. श्री सुरेश कुमार श्रेष्ठ | ९८४५०५७२५० |
| ४. श्री प्रेम लाल श्रेष्ठ | ९८५५०७१२८० |
| ५. श्री नरेन्द्र श्रेष्ठ | ९८४५०२२८९९ |
| ६. श्री प्रद्युम्न उपाध्याय | ९८५५०७१६९७ |
| ७. श्री अनिल खड्गी | ९८४९९३७४६१ |
| ८. श्री राजेन्द्र पोखेल | ९८४५०२५५४० |
| ९. श्री ध्रुवराज शर्मा | ९८४५१०६१२३ |
| १०. श्री सुदर्शन ढकाल | ९७६७४९३७०८ |
| ११. श्री उद्धव भट्टराई | ९८५११७०३८३ |
| १२. श्री लभनाथ रिजाल | ९८५५०५७४९६ |
| १३. श्री निरा गोर्खाली | ९८४५०२७३३१ |
| १४. श्री विष्णु गोपाल महर्जन | ९८५५०६७०२९ |
| १५. श्री कृष्ण गोपाल बर्तौला | ९८४५२६९५२३ |

***काठमाडौं सम्पर्क समिति***

| | |
|---|---|
| १. श्री अरुण खरेल | ९८४१८१७६३० |
| २. श्री उद्धव रावल | ९८४१३८४२४९ |
| ३. श्री राजेन्द्र पराजुली | ९८५१००६३८८ |

***सहभागीता शुल्क जम्मा गर्नको लागि***

ई सेवा नं. ९८५१०५८३९२
बैंक खाता नं. ०५०८३००४८१६८८०१८
कृषि विकास बैंक लि., कान्तिराजपथ, हेटौंडा
खाताको नाम: भुटनदेवी एल्मुनाई एसोसिएसन

चन्द्र बहादुर थापा (अध्यक्ष)
९८५१०५८३९२

**भुटनदेवी एल्मुनाई एशोसिएसन, परिवार**
**(भुटनदेवी मा.वि.का पूर्व विद्यार्थीहरुको संस्था)**
**हेटौंडा-४ मकवानपुर**
**फोन नं. : ०५७-५९१३९२**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना